ज्योतिपुञ्ज
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
JYOTIPUNJA SAVING & CREDIT CO-OPERATIVE LTD.

समृद्धिका लागि
सहयात्रा

१८औं

# वार्षिक साधारण सभा

## वार्षिक प्रतिवेदन २०८२/८३

# सल्लाहकार



**डा. नीरज नारायण जोशी**
प्रमुख सल्लाहकार



**रमेश कुमार रोका (बरिष्ठ अधिवक्ता)**
कानुनी सल्लाहकार

# सञ्चालक समिति



**नविन श्रेष्ठ**
अध्यक्ष



**रामेश्वर थापा**
उपाध्यक्ष



**संगीत प्रधान**
सचिव



**सावित्रा कार्की**
कोषाध्यक्ष



**प्रकाश श्रेष्ठ**
सदस्य



**बबिता अमात्य**
सदस्य



**रमेश गिरी**
सदस्य

# लेखा सुपरिवेक्षण समिति



**निशिमा आचार्य**
संयोजक



**एलिना कार्की थापा**
सदस्य



**गीता राउत**
सदस्य

## ज्योतिपुञ्ज

# चिनारी गीत

*भविष्यको भरोसा वर्तमानको आधार।*
*ज्योतिपुञ्जले नै गर्छ सबैको सपना साकार॥*

*जम्मा गरे जम्मा हुन्छ खाँचो पर्दा टार्छ।*
*उद्योग व्यावसाय गर्न यसले मद्दत गर्छ॥*

*बुढेसकालको लौरी जस्तो एक्लोपनको साथी।*
*अनाथको अभिभावक ज्योतिपुञ्जको बाती॥*

*थोपा थोपा जम्मा गरी घैलो भरे जस्तै।*
*भोलि खान आजैबाट वीउ छरे जस्तै॥*

*जसले सोच्छ भविष्यमा सुरक्षा र सुख।*
*साथ दिन्छ ज्योतिपुञ्ज बन्दै अभिमुख॥*

*भविष्यको भरोसा वर्तमानको आधार।*
*ज्योतिपुञ्जले नै गर्छ सबैको सपना साकार॥*

*सबैको सपना साकार॥*

**- प्रकट पगेनी 'शिव'**

# १६औं वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धि सूचना

(सूचना प्रकाशन मिति : २०८३/०५/०६ गते, राजधानी राष्ट्रिय दैनिक)

**सम्पूर्ण सदस्यज्यूहरू,**

यस संस्थाको मिति २०८३/०४/२७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम १६औं वार्षिक साधारण सभा देहाय बमोजिम मिति, समय र स्थानमा एकाईगत रूपमा तपसिलमा उल्लेखित कार्यसूची एवं प्रस्तावहरूमा छलफल गरी निर्णय गर्नका लागि बस्ने भएकोले उपस्थितिका लागि हार्दिक अनुरोछ गरिन्छ।

## साधारण सभाको मिति, समय र स्थानः

| साधारण सभा | मिति | समय | स्थान | जम्मा सदस्य संख्या | कैफियत |
|---|---|---|---|---|---|
| एकाई १ | २०८३/०६/१० | बिहान ११ बजेबाट | होटल ए-वान भेन्यू, कोटेश्वर, काठमाडौं | १७७० जना | कुमारीपाटी र लुभू सेवा केन्द्रका सदस्य |
| एकाई २ | २०८३/०६/११ | बिहान ११ बजेबाट | होटल ए-वान भेन्यू, कोटेश्वर, काठमाडौं | २२१९ जना | मुख्य कार्यालय नयाँ बानेश्वर र गोठाटार सेवा केन्द्रका सदस्य |
| अन्तिम निर्णय प्रमाणीकरण सभा | २०८३/०६/१६ | बिहान ११ बजेबाट | संस्थाको मुख्य कार्यालय, नयाँ बानेश्वर काठमाडौं | | एकाईहरूबाट चुनिएका प्रतिनिधी, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति |

## साधारण सभाका कार्यसूचीहरूः

१. गणपूरक संख्या तथा अघिल्लो साधारण सभाका निर्णय कार्यान्वयन सम्बन्धमा।
२. निर्णय प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा।
३. आ.व. २०८२/०८३ को प्रगति, सञ्चालक समिति प्रतिवेदन तथा कारोबार अनुमोदन सम्बन्धमा।
४. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
५. वार्षिक लेखापरीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा।
६. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा।
७. आ.व. २०८३/०८४ को वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति सम्बन्धमा।
८. विनियम संशोधन वा पुनर्लेखन सम्बन्धमा।
९. आन्तरिक कार्यविधि स्वीकृति सम्बन्धमा।
१०. बाह्य लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा।
११. पदाधिकारी तथा कर्मचारीको पारिश्रमिक एवं सुविधा निर्धारण सम्बन्धमा।
१२. बाह्य दायित्व सम्बन्धमा।
१३. लाभांश, संरक्षित पूँजी फिर्ता तथा अन्य कोष परिचालन सम्बन्धमा।
१४. नियमनकारी निकायका निर्देशन तथा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी जानकारी सम्बन्धमा।
१५. धितो लिलामी, सकार तथा गैर-बैंकिङ सम्पत्ति व्यवस्थापन सम्बन्धमा।
१६. एकीकरण सम्बन्धमा।
१७. बचत तथा ऋणको ब्याजदर निर्धारणसम्बन्धी अख्तियारी सम्बन्धमा।
१८. नेफ्स्कूनको नियमित निरीक्षण तथा अनुगमन (स्क्यान) कार्यक्रममा आबद्धता सम्बन्धमा।
१९. ब्याज तथा हर्जाना छुट मिनाहा सम्बन्धमा।
२०. कार्यसूचीमा थप प्रस्ताव सम्बन्धमा।

**नोट :-**

- माथि तोकिएका कार्यसूचीका सम्बन्धमा कुनै कार्यसूची थप गर्नुपर्ने भएमा यो सूचना जारी भएको ७ (सात) दिन भित्र लिखित रूपमा संस्थाका अध्यक्षज्यूमार्फत समितिलाई उपलब्ध गराउनुहुन अनुरोध छ।
- संस्थाको १६औं वार्षिक प्रतिवेदन असोज ३ गतेसम्म www.jyotipunja.coop.np मा समेत राखिने छ।



**सञ्चालक समितिको आज्ञाले**
**सचिव**

# विषयसूचि


| | |
|---|---|
| अध्यक्षको मन्तव्य | ८ |
| वार्षिक प्रगति प्रतिवेदन, वार्षिक नीति तथा कार्ययक्रम र बजेट | १० |
| लेखा सुपरिवेक्षण समितिको समिक्षा प्रतिवेदन | २२ |
| स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन | २७ |
| पर्ल्स अनुपात | ३१ |
| वासलात | ३४ |
| नाफा नोक्सान हिसाब | ३६ |
| नगद प्रवाह विवरण | ३७ |




## संक्षिप्त पृष्ठभूमि

ज्यातिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड २०६८ बैशाख २९ गते तत्कालिन डिभिजन सहकारी कार्यालय काठमाडौंमा दर्ता भई २०६८ भाद्र ०४ गतेबाट विधिवत रुपमा कारोबार शुभारम्भ गरी सञ्चालनमा आएको हो ।

## परिकल्पना

उत्कृष्ट वित्तीय सेवाका लागि सदस्यहरुको पहिलो रोजाईको सुरक्षित साकोस ।

## ध्येय

सहकारी मुल्य तथा सिद्धान्त बमोजिम सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक विकासका लागि समुदायमा विशिष्ट पहिचान सहित गुणस्तरीय सेवा प्रदायक अब्बल वित्तीय संस्था ।

## कार्यक्षेत्र

संस्थाको कार्यक्षेत्र काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला भरी रहेको छ ।

# नियमित मासिक बचत कहिले निकाल्न पाइने ?

- ✓ सदस्य स्वयंलाई प्राणघातक रोगहरु (किड्नी फेल, ब्रेन ट्युमर, क्यान्सर जस्ता) लागेमा थप उपचारका लागि न्यूनतम ५ हजार मौज्दात राखेर अरु बाँकी रकम झिक्न पाइने छ । यसका अलावा संस्थामा सदस्य रहुन्जेल सम्म सदस्यले नियमित बचत गरिराख्नु पर्नेछ ।
- ✓ नियमित मासिक बचत ३ लाख पुगेपछि पनि सदस्यले ३ लाख भन्दा माथिको रकम निकाल्न चाहेमा निकाल्न पाइनेछ ।
- ✓ ६० वर्ष उमेर पुगेका सदस्यहरुले निजले चाहेमा नियमित मासिक बचत रु. ५ हजार न्यूनतम मौज्दात राखेर अन्य बचत खातामा सार्न वा निकाल्न सकिनेछ ।

नोट: नियमित बचतको आधारमा ९० प्रतिशत ऋण जुनसुकै समयमा प्राप्त गर्न सकिनेछ । यो ऋणको अवधि अधिकत १ वर्षको हुनेछ भने व्याजदर बचतमा दिइएको व्याजमा थप २ प्रतिशत लाग्नेछ ।



# हाम्रो विकास यात्रा

## १५ वर्षका प्रमुख माइलस्टोन

**२०६८ बैशाख २९**
**स्थापना**

२८ सदस्यबाट ज्योतिपुञ्जको यात्रा प्रारम्भ ।

**२०६८ भाद्र ४**
**वित्तीय कारोबारको सुरुवात**

सदस्यहरूलाई औपचारिक वित्तीय सेवा प्रदान गर्ने कार्यको थालनी ।

**२०७१ फागुन ११**
**पहिलो सेवा केन्द्र कुमारीपाटी**

सदस्य सेवाको पहुँच विस्तार तर्फ पहिलो कदम ।

**२०७४ बैशाख २३**
**गोठाटार सेवा केन्द्र**

सदस्य सेवाको पहुँच थप फराकिलो ।

**२०७५ बैशाख १४**
**कुमारीपाटी सेवा केन्द्र आफ्नै भवनमा**

संस्थागत विकासको महत्वपूर्ण फड्को ।

**२०७८ मंसिर ४**
**लुभू सेवा केन्द्र**

सदस्य सेवाको पहुँचमा थप विस्तार ।

**२०८३ जेठ १९**
**राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट सञ्चालन इजाजत पत्र**

नियामकीय अनुपालनातर्फ महत्वपूर्ण चरण ।

**२०८३ असार ८**
**कर्जा सूचना केन्द्रसँग आबद्धता**

कर्जाको सुरक्षा तथा जोखिम नियन्त्रणतर्फ महत्वपूर्ण कदम ।



# ज्योतिपुञ्ज–एक नजरमा

**मुख्य सूचकहरू**
आ.व. २०८२/८३

- शेयर पूँजी: रु. ९.७७ करोड
- कुल बचत: रु. १०७.४४ करोड
- कुल कर्जा लगानी: रु. ११७.४२ करोड
- कुल सम्पत्ति: रु. १४६.०८ करोड
- सदस्य संख्या: ३,९८९
- संस्थागत पूँजी: रु. १४.२९ करोड
- कर्जा जोखिम व्यवस्था: रु. ४.२१ करोड
- अन्य कोषहरू: रू. १.४८ करोड

## सेवाको विवरण

- बचत योजना
- ऋण सेवा
- मोबाइल बैंकिङ्ग
- सदस्य शिक्षा
- सदस्य हित योजना
- Student Empowerment Program

**हाम्रो प्रतिबद्धता**

*सदस्यको विश्वासलाई संस्थाको पूँजी, पारदर्शितालाई कार्यशैली र वित्तीय अनुशासनलाई विकासको आधार बनाउँदै ज्योतिपुञ्जलाई अझ सुरक्षित, सक्षम, उत्तरदायी र सदस्यकेन्द्रित संस्था बनाउने हाम्रो प्रतिबद्धता हो ।*

मिति: २०८३/०५/१७



# विपद्‌मा ज्योतिपुञ्जको साथ

रसुवाको भोटेकोशी नदीमा भदौ १० गते आएको भीषण बाढीबाट भएको जनधनको क्षतिप्रति ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि. परिवार गहिरो दु:ख व्यक्त गर्दछ।

विपद्‌बाट प्रभावित नागरिकहरूको राहत, उद्धार तथा पुन:स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले "प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' मा यस संस्थाले समिति, उपसमिति, व्यवस्थापन तथा संस्थाको संयुक्त योगदानबाट रु. २,०५,०००/- (दुइ लाख पाँच हजार रुपैयाँ मात्र) सहयोग रकम हस्तान्तरण गरिएको छ।

विपत्तिमा परी ज्यान गुमाउनु भएका सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं। घाइतेहरूको शीघ्र स्वास्थ्यलाभ तथा बेपत्ता व्यक्तिहरूको यथाशीघ्र खोजी तथा उद्धारको कामना गर्दछौं।



ज्योतिपुञ्ज
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
JYOTIPUNJA SAVING & CREDIT CO-OPERATIVE LTD.

नयाँ बानेश्वर, काठमाडौं

Email: info@jyotipunja.coop.np Web: www.jyotipunja.coop.np

# १६औं वार्षिक साधारण सभा
# सञ्चालक समितिको अध्यक्ष श्री नविन श्रेष्ठद्वारा प्रस्तुत मन्तव्य

आदरणीय शेयर सदस्यज्यूहरू,

सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरू, प्रमुख कार्यकारी अधिकृतज्यू, कर्मचारी साथीहरू तथा सम्पूर्ण शुभेच्छुक महानुभावहरूमा ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि. को १६औं वार्षिक साधारण सभाको अवसरमा हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु।

सर्वप्रथम, संस्थाप्रति निरन्तर विश्वास, साथ, सहयोग र सहभागिता प्रदान गर्नुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। सदस्यहरूको विश्वास, सहभागिता र सामूहिक प्रयास नै ज्योतिपुञ्जको विकासको मुख्य आधार हो। यही विश्वास र सहकार्यका साथ संस्था स्थापनाको १५ वर्षको यात्रा पूरा गरी निरन्तर अघि बढिरहेको छ।

साथै, संस्थाको संस्थागत विकासमा निरन्तर मार्गनिर्देशन, सहयोग तथा शुभेच्छा प्रदान गर्नुहुने नियामक निकाय, लेखापरीक्षक, विभिन्न सरोकारवाला निकाय तथा शुभेच्छुक महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

### बदलिँदो परिवेश र हाम्रो जिम्मेवारी

पछिल्लो समय नेपालको सहकारी क्षेत्रमा देखिएका विभिन्न चुनौतीहरूले संस्थागत सुशासन, पारदर्शिता, वित्तीय अनुशासन, जोखिम व्यवस्थापन र सदस्यको विश्वासलाई अझ महत्वपूर्ण बनाएका छन्। यस परिवेशमा ज्योतिपुञ्जले सहकारीका मूल्य, सिद्धान्त र सदस्यको हितलाई केन्द्रमा राख्दै संस्थागत सुदृढीकरणलाई प्राथमिकता दिएको छ।

हाम्रो उद्देश्य कारोबारको आकार बढाउनु मात्र नभई विश्वासिलो, व्यवस्थित, उत्तरदायी र दिगो संस्था निर्माण गर्नु हो। बदलिँदो समय र सदस्यका आवश्यकताअनुरूप सेवाको गुणस्तर तथा संस्थागत क्षमता अभिवृद्धि गर्दै ज्योतिपुञ्जलाई अझ सबल र उत्कृष्ट संस्थाका रूपमा अघि बढाउने हाम्रो प्रतिबद्धता रहेको छ।

### सदस्य सहभागिता, प्रतिफल तथा सशक्तीकरण

ज्योतिपुञ्जको यात्रामा सदस्यहरू केवल सेवाग्राहीमा सिमित नभई संस्थाका सहयात्री र आधारस्तम्भ हुनुहुन्छ। सदस्य अभिलेखलाई व्यवस्थित बनाउने क्रममा निष्क्रिय सदस्यहरूको अभिलेख शुद्धीकरण गरिएको छ। आगामी दिनमा सक्रिय सदस्यको सहभागिता, संस्थासँगको सम्बन्ध र सहकारीप्रतिको अपनत्व अझ बढाउने हाम्रो प्रयास रहनेछ।

सदस्यहरूको योगदान र संस्थाले हासिल गरेको वित्तीय प्रगतिका आधारमा यस वर्ष १० प्रतिशत शेयर लाभांश वितरण गर्न सक्ने क्षमता संस्थाले हासिल गरेको छ। साथै, संरक्षित पूँजी फिर्ता कोषमा रू. ४१,५४,३८५।३० जम्मा भएको छ, जसलाई सदस्यहरूको सक्रिय बचत तथा अनुशासित ऋण कारोबारका आधारमा प्रोत्साहनस्वरूप फिर्ता वितरण गरिनेछ। उक्त शेयर लाभांश तथा संरक्षित पूँजी फिर्ता कोषबाट गरिने वितरणसम्बन्धी प्रस्ताव यस सभाबाट अनुमोदनका लागि पेश गर्दछु।

सदस्य शिक्षा, वित्तीय साक्षरता, बाल बचत, विद्यार्थी सशक्तीकरण तथा विभिन्न सदस्य हितका कार्यक्रमलाई पनि आगामी दिनमा थप प्रभावकारी बनाउँदै लैजानेछौं।

### सुशासन र संस्थागत विकास

संस्थाको दीर्घकालीन सफलता बलियो संस्थागत प्रणाली, पारदर्शी कार्यशैली, प्रभावकारी आन्तरिक नियन्त्रण र जिम्मेवार व्यवस्थापनमा निर्भर हुन्छ। त्यसैले संस्थागत अनुशासन र सुशासनलाई व्यवहारमै स्थापित गर्दै लैजान हामी प्रतिबद्ध छौं।

### आगामी प्रतिबद्धता

आगामी दिनमा ज्योतिपुञ्जलाई अझ सक्षम, पारदर्शी, उत्तरदायी, प्रविधिमैत्री र सदस्यकेन्द्रित संस्था बनाउने हाम्रो लक्ष्य रहेको छ। सदस्यको आवश्यकता र बदलिँदो समयअनुसार सेवाको गुणस्तर अभिवृद्धि गर्ने, प्रविधिको प्रयोग विस्तार गर्ने, सदस्य शिक्षा

तथा वित्तीय साक्षरतालाई प्रभावकारी बनाउने र उद्यम तथा स्वरोजगार प्रवर्द्धनमार्फत सदस्यको आर्थिक सशक्तीकरणमा योगदान पुऱ्याउने कार्यलाई प्राथमिकता दिइनेछ।

**अन्त्यमा**

आदरणीय सदस्यज्यूहरू,

ज्योतिपुञ्जले आजसम्म हासिल गरेको उपलब्धि सम्पूर्ण सदस्यहरूको विश्वास र सहभागिता, सञ्चालक समितिको नेतृत्व, लेखा सुपरिवेक्षण समितिको निगरानी तथा व्यवस्थापन र कर्मचारीहरूको निरन्तर मेहनतको सामूहिक परिणाम हो।

आगामी दिनमा पनि सदस्यको विश्वासलाई संस्थाको पूँजी, पारदर्शितालाई कार्यशैली र वित्तीय अनुशासनलाई विकासको आधार बनाउँदै ज्योतिपुञ्जलाई अझ सबल र दिगो संस्था बनाउने प्रतिबद्धता व्यक्त गर्दछु।

यहाँहरूको निरन्तर साथ, विश्वास, सुझाव र सहयोगको अपेक्षासहित १६औं वार्षिक साधारण सभाको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

**जय ज्योतिपुञ्ज ! जय सहकारी !!**



**नविन श्रेष्ठ**
अध्यक्ष

# १६औं वार्षिक साधारण सभा

# सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन तथा आ.व. २०८३/८४ को लागि वार्षिक नीति तथा कार्यक्रम र बजेट

आदरणीय अध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, कर्मचारी साथीहरू एवं सम्पूर्ण शेयर सदस्यज्यूहरू !

ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आ.व. २०८२/०८३ को वार्षिक साधारणसभाको यस गरिमामय अवसरमा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछौं।

सदस्यज्यूहरूको निरन्तर विश्वास, साथ, सहयोग र सहभागितालाई संस्थाको प्रगति र उपलब्धिको प्रमुख आधारका रूपमा लिँदै, गत आर्थिक वर्षमा संस्थाले सञ्चालन गरेका प्रमुख गतिविधि, हासिल गरेका उपलब्धि, देखिएका चुनौती तथा आगामी कार्यदिशाका सम्बन्धमा यस प्रतिवेदनमार्फत यहाँहरू समक्ष जानकारी प्रस्तुत गर्न चाहन्छौं। संस्था स्थापनाको उद्देश्य, सहकारीका मूल्यमान्यता तथा सदस्यहरूको हितलाई केन्द्रमा राख्दै संस्थालाई थप सुदृढ, व्यवस्थित, पारदर्शी र सदस्यकेन्द्रित बनाउने प्रयासलाई निरन्तरता दिइएको छ।

## १. सञ्चालक समितिको प्रतिवेदन (आ.व. २०८२/०८३ का उपलब्धि तथा गतिविधि)

### १.१ सदस्यता तथा सदस्य सहभागिता

संस्थाको सदस्यता तथा सदस्य सहभागिताको अवस्था अघिल्लो आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा केही परिवर्तन भएको छ। सदस्य अभिलेखलाई व्यवस्थित तथा यथार्थपरक बनाउने क्रममा लामो समयदेखि निष्क्रिय सदस्यहरूको अभिलेख शुद्धीकरण गरिएको कारण कुल सदस्य संख्यामा केही कमी आएको छ। आगामी दिनमा सक्रिय सदस्यको सहभागिता, संस्थासँगको सम्बन्ध तथा कारोबार विस्तारमा विशेष जोड दिइनेछ।

### १.२ सदस्यताको अवस्था

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | वृद्धि/कमी | वृद्धि/कमी % |
|---|---|---|---|---|
| महिला सदस्य | २,०५३ जना | १,९५१ जना | -१०२ | -४.९७% |
| पुरुष सदस्य | २,१६७ जना | २,०३८ जना | -१२९ | -५.९५% |
| **कुल सदस्य संख्या** | **४,२२० जना** | **३,९८९ जना** | **-२३१** | **-५.४७%** |

गत आर्थिक वर्षको तुलनामा कुल सदस्य संख्या २३१ ले कमी भई ३,९८९ कायम भएको छ। सदस्य अभिलेख शुद्धीकरणका कारण संख्यात्मक कमी देखिए पनि संस्थासँग वास्तविक रूपमा सक्रिय सदस्यको आधारलाई थप स्पष्ट र व्यवस्थित बनाउने कार्य भएको छ। आगामी वर्ष सक्रिय सदस्यता तथा सदस्य सहभागिता विस्तारलाई प्राथमिकता दिइनेछ।

### १.३ बाल बचत तथा बाल सहभागिता

बालबालिकामा बचत गर्ने बानीको विकास, वित्तीय अनुशासन तथा प्रारम्भिक वित्तीय चेतना अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन हुँदै आएको बाल बचत कार्यक्रमलाई संस्थाले निरन्तरता दिएको छ।

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | वृद्धि/कमी रकम | वृद्धि/कमी % |
|---|---|---|---|---|
| बाल बचतकर्ता | ७०७ जना | ७०३ जना | -४ | -०.५७% |
| बाल बचत | रु. २,२२,६०,८२०.०० | रु. ३,०६,७८,४८५.९७ | रु. ८४,१७,६६५.९७ | ३७.८१% |

बाल बचतकर्ताको संख्या ४ जनाले कमी र बचत रकम रु. ८४,१७,६६५.९७ अर्थात् ३७.८१ प्रतिशतले वृद्धि भएको छ। यसले बाल सदस्यहरूमा बचत गर्ने बानी तथा संस्थासँगको वित्तीय सहभागिता क्रमशः बढ्दै गएको सकारात्मक संकेत गर्दछ।

## १.४ प्रमुख वित्तीय सूचकको दुई वर्षको तुलनात्मक अवस्था

| प्रमुख वित्तीय सूचक | आ.व. २०८१/८२ (रू.) | आ.व. २०८२/८३ (रू.) | वृद्धि/कमी (रू.) | प्रतिशतमा |
|---|---|---|---|---|
| कुल सम्पत्ति | १,४१८,७२१,४४६.०२ | १,४६०,८२०,६१७.५३ | ४२,०९९,१७१.५१ | +२.९७% |
| कुल बचत | १,०४४,९६८,७९०.९८ | १,०७४,३९२,५९४.३५ | २९,४२३,८०३.३७ | +२.८२% |
| कुल कर्जा लगानी | १,०५९,१२१,२३१.४५ | १,१७४,१७९,८३९.०३ | ११५,०५८,६०७.५८ | +१०.८६% |
| शेयर पूँजी | ९०,५६२,७००.०० | ९७,६५४,३००.०० | ७,०९१,६००.०० | +७.८३% |
| संस्थागत पूँजी | १३२,०९६,९७७.०० | १४२,८८०,३३१.३९ | १०,७८३,३५४.३९ | +८.१६% |
| खुद नाफा | २७,२३७,३४९.५० | २८,१८०,८४७.७९ | ९४३,४९८.२९ | +३.४६% |
| जोखिम व्यवस्थापन | ४०,१३९,५०९.३७ | ४२,११९,४१०.५० | १,९७९,९०१.१३ | +४.९३% |

आ.व. २०८२/०८३ मा संस्थाको अधिकांश प्रमुख वित्तीय सूचकमा सकारात्मक वृद्धि भएको छ।

कुल सम्पत्ति २.९७ प्रतिशतले, कुल बचत २.८२ प्रतिशतले, कर्जा लगानी १०.८६ प्रतिशतले, शेयर पूँजी ७.८३ प्रतिशतले तथा संस्थागत पूँजी ८.१६ प्रतिशतले वृद्धि भएको छ। खुद नाफा समेत ३.४६ प्रतिशतले वृद्धि भएको छ।

## १.५ आ.व. २०८२/०८३ का निर्धारित लक्ष्य तथा प्राप्त उपलब्धिको तुलनात्मक अवस्था

| प्रमुख लक्ष्य/सूचक | आ.व. २०८२/०८३ को लक्ष्य (रू.) | आ.व. २०८२/०८३ को उपलब्धि (रू.) | लक्ष्य प्राप्ति (प्रतिशत) |
|---|---|---|---|
| कुल सम्पत्ति | १,४८५,३५६,००० | १,४६०,८२०,६१७ | ९८.३५% |
| कुल बचत | १,१५३,२००,००० | १,०७४,३९२,५९४ | ९३.१६% |
| कुल कर्जा लगानी | १,१६४,०९७,६१८ | १,१७४,१७९,८३९ | १००.८७% |
| शेयर पूँजी | ९५,५००,००० | ९७,६५४,३०० | १०२.२५% |
| संस्थागत पूँजी | १४३,७००,००० | १४२,८८०,३३१ | ९९.४३% |
| खुद नाफा | ३०,५३०,१८७ | २८,१८०,८४७ | ९२.३०% |

### लक्ष्य प्राप्तिको संक्षिप्त समीक्षा

- कर्जा लगानी (१००.८७%) र शेयर पूँजी (१०२.२५%) मा निर्धारित लक्ष्यभन्दा बढी उपलब्धि हासिल भएको छ।
- कुल सम्पत्ति (९८.३५%) र संस्थागत पूँजी (९९.४३%) लक्ष्यको निकै नजिक पुगेका छन्।
- कुल बचत (९३.१६%) लक्ष्यभन्दा केही कम रहे पनि अघिल्लो वर्षको तुलनामा वृद्धि भएको छ।
- खुद नाफा (९२.३०%) लक्ष्यको तुलनामा केही कम रहे पनि रु. २.८२ करोड खुद नाफा आर्जन भएको छ।
- कर्जा लगानीको विस्तारसँगै कर्जा असुली, गुणस्तर र जोखिम व्यवस्थापनलाई आगामी वर्ष थप प्राथमिकता दिइनेछ।

## १.६ बचतको प्रकारअनुसार विवरण

| बचतको प्रकार | आ.व. २०८१/८२ (रू.) | कुलमा % | आ.व. २०८२/८३ (रू.) | कुलमा % |
|---|---|---|---|---|
| विशेष बचत (कारोबार बचत) | ३६,१२,९८,५०८.४३ | ३४.५७% | ३६,६१,३५,६७५.३० | ३४.०८% |
| क्रमिक अवधि बचत | ३,९३,८८,९८६.८४ | ३.७७% | ८,१२,७४,१३१.४१ | ७.५६% |
| आवधिक (मुद्दती) बचत | ५६,७०,९०,१५१.८१ | ५४.२८% | ५२,४७,२५,४९७.७९ | ४८.८३% |
| नियमित बचत | ७,७१,९१,१४३.९० | ७.३९% | १०,२२,५७,२८९.८५ | ९.५२% |
| **जम्मा** | **१,०४,४९,६८,७९०.९८** | **१००.००%** | **१,०७,४२,९२,५९४.३५** | **१००.००%** |

**बचतको संक्षिप्त समीक्षा**

- आ.व. २०८२/८३ मा कुल बचत रु. १,०७,४२,९२,५९४.३५ पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा २.८२% ले वृद्धि भएको छ।
- कुल बचतमा आवधिक ४८.८३%, विशेष ३४.०८%, क्रमिक अवधि ७.५६% र नियमित बचत ९.५२% रहेको छ।
- नियमित बचतको हिस्सा ९.५२% मात्र रहेकोले नियामकीय रूपमा कायम गर्नुपर्ने २५% भन्दा १५.४८ प्रतिशत बिन्दुले न्यून रहेको छ। हालको बचतलाई आधार मान्दा २५% पु¥याउन करिब रु. १६.६३ करोड थप नियमित बचत संकलन गर्नुपर्ने देखिन्छ।
- समग्रमा, कुल बचतमा वृद्धि भए पनि नियमित बचतको हिस्सा तथा बचत संरचनालाई थप सन्तुलित बनाउन आगामी वर्ष विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ।

## १.७ कर्जाको प्रकारअनुसार कर्जा लगानीको अवस्था

| कर्जा प्रकार | आ.व. २०८१/८२ (रू.) | कुलमा % | आ.व. २०८२/८३ (रू.) | कुलमा % |
|---|---|---|---|---|
| सामूहिक जमानी कर्जा | ७८,२८,६९७.७० | ०.७४% | १,१६,९३,९७६.३६ | १.००% |
| मुद्दती रसिद धितो कर्जा | ७९,७४,७४८.८८ | ०.७५% | १,९१,२१,६७५.२९ | १.६३% |
| हायर पर्चेज कर्जा | ७१,१९,१५९.८८ | ०.६७% | ६०,५४,७६८.४९ | ०.५२% |
| व्यावसायिक कर्जा | ३१,६२,१७,१२१.६७ | २९.८७% | ३६,७८,८५,४१८.८८ | ३१.३४% |
| आवास कर्जा | ७१,१८,०१,२५६.९२ | ६७.२५% | ७५,०५,१६,३७०.१० | ६३.९५% |
| बचत जमानी कर्जा | ५८,७६,६०५.५७ | ०.५६% | १,१२,७८,११८.५४ | ०.९६% |
| शैक्षिक कर्जा | १०,००,०००.०० | ०.०९% | ६९,९१,२०३.९८ | ०.६०% |
| **जम्मा कर्जा लगानी** | **१,०५,७८,१७,५९०.६२** | **१००%** | **१,१७,३५,४१,५३१.६४** | **१००%** |

**कर्जा लगानीको समीक्षा**

- आ.व. २०८२/८३ मा कुल कर्जा लगानी रु. १,१७,३५,४१,५३१.६४ पुगेको छ।
- कर्जा संरचनामा आवास कर्जा ६३.९५% र व्यावसायिक कर्जा ३१.३४% रहेको छ। संस्थाको वर्गीकरणअनुसार सामूहिक जमानी, हायर पर्चेज तथा व्यावसायिक कर्जासमेत गरी उत्पादनमूलक कर्जाको हिस्सा ३२.८६% रहेको छ।
- अघिल्लो वर्षको तुलनामा व्यावसायिक कर्जाको हिस्सा २९.८७% बाट ३१.३४% पुगेको छ भने आवास कर्जाको हिस्सा ६७.२५% बाट ६३.९५% मा आएको छ।
- नियामकीय मापदण्डअनुसार कृषि, उद्योग तथा व्यवसाय सञ्चालन/विस्तार लगायत उत्पादनमूलक क्षेत्रमा कुल कर्जाको कम्तीमा ५०% लगानी गर्नुपर्ने भएकाले हालको अवस्थाबाट उक्त लक्ष्यतर्फ पुग्न आगामी वर्ष उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह थप विस्तार गर्नुपर्ने देखिन्छ।
- समग्रमा, कर्जा लगानीको विस्तारसँगै उत्पादनमूलक क्षेत्रमा कर्जा परिचालन, कर्जाको सदुपयोग, गुणस्तर तथा प्रभावकारी असुलीलाई आगामी वर्ष प्राथमिकतामा राखिनेछ।

## १.८ आय–व्ययको अनुमान तथा यथार्थ अवस्था

| मूल शीर्षक | प्रमुख विवरण | आ.व. २०८२/८३ अनुमान (रू.) | आ.व. २०८२/८३ यथार्थ (रू.) | अनुमानसँगको अवस्था |
|---|---|---|---|---|
| आयतर्फ | ब्याज आम्दानी | १५,५०,००,०००.०० | १४,९४,३५,६०६.८८ | ९६.४२% |
| | अन्य आम्दानी | १,१३,४०,०००.०० | ८७,४६,२५४.८८ | ७७.१२% |
| | **जम्मा आय** | **१६,६३,४०,०००.००** | **१५,८१,८१,८६१.७६** | **९५.०८%** |

| मूल शीर्षक | प्रमुख विवरण | आ.व. २०८२/८३ अनुमान (रू.) | आ.व. २०८२/८३ यथार्थ (रू.) | अनुमानसँगको अवस्था |
|---|---|---|---|---|
| खर्चतर्फ | ब्याज खर्च | ९,२७,८७,८००.०० | ८,५७,८०,०२५.७७ | ९२.४५% |
| | कर्मचारी खर्च | २,४०,०८,५५८.२२ | २,२३,०९,७२१.७५ | ९२.९२% |
| | प्रशासनिक खर्च | १,२३,८५,७८०.०० | १,२९,६६,७४१.२१ | १०४.६८% |
| | ह्रास कट्टी खर्च | ६१,२७,६७४.५३ | ६९,६४,६२४.११ | ११३.६६% |
| | कर्जा नोक्सानी व्यवस्था | ५,००,०००.०० | १९,७९,९०१.१३ | ३९५.९८% |
| **कुल खर्च** | **जम्मा खर्च** | **१३,५८,०९,८१२.७५** | **१३,००,०१,०१३.९७** | **९५.७२%** |
| **नाफा** | **आयकर अघिको नाफा** | **३,०५,३०,१८७.२५** | **२,८१,८०,८४७.७९** | **९२.३०%** |

**आय–व्ययको संक्षिप्त समीक्षा**

- कुल आय रु. १५ करोड ८१ लाख ८२ हजार कायम भई अनुमानको ९५.०८% प्राप्त भएको छ। ब्याज आम्दानी ९६.४२% र अन्य आम्दानी ७७.१२% कायम भएको छ।
- कुल खर्च रु. १३ करोड ०० लाख ०१ हजार रहेको छ, जुन अनुमानको ९५.७२% हो। ब्याज तथा कर्मचारी खर्च अनुमानभन्दा कम रहे पनि प्रशासनिक तथा ह्रास कट्टी खर्च केही बढी भएको छ।
- कर्जा नोक्सानी व्यवस्थातर्फ अनुमानको तुलनामा बढी व्यवस्था कायम गरिएको छ। यसले सम्भावित कर्जा जोखिम व्यवस्थापनमा संस्थाले सावधानीपूर्ण दृष्टिकोण अपनाएको देखाउँछ।
- आयको तुलनामा खर्चलाई नियन्त्रणमा राख्दै संस्थाले रु. २ करोड ८१ लाख ८१ हजार आयकर अघिको नाफा आर्जन गरेको छ, जुन अनुमानको ९२.३०% हो।
- समग्रमा, आय तथा खर्च व्यवस्थापन सन्तोषजनक रहेको छ। आगामी वर्ष आय वृद्धि, सञ्चालन खर्चको प्रभावकारी व्यवस्थापन तथा कर्जा जोखिम नियन्त्रणमा थप ध्यान दिइनेछ।

## १.९ सुशासन, नियमन तथा संस्थागत अनुशासन

- संस्थागत सुशासन, पारदर्शिता, उत्तरदायित्वलाई संस्थागत संस्कारका रूपमा विकास गर्ने प्रयासलाई निरन्तरता दिइएको छ।
- आन्तरिक नियन्त्रण, वित्तीय अनुशासन, कर्जा व्यवस्थापन, जोखिम नियन्त्रण तथा लेखा प्रणालीलाई व्यवस्थित गर्दै नियामकीय प्रावधानको अनुपालनमा विशेष जोड दिइएको छ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT) सम्बन्धी प्रचलित कानुनी तथा नियामकीय व्यवस्थाको पालना गर्दै सदस्य पहिचान (KYC), कारोबारको निगरानी तथा TTR/STR लगायतका आवश्यक प्रतिवेदनहरू तोकिएको प्रक्रिया र समयसीमाभित्र सम्बन्धित निकायमा पेश गर्ने कार्य नियमित रूपमा हुँदै आएको छ।
- राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखीकरण गरी सञ्चालन इजाजतपत्र प्राप्त गर्नुका साथै कर्जा सूचना केन्द्रसँगको सदस्यता तथा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) ले सञ्चालन गरेको SCAN (Supervisory Checks and Analysis for Navigation) कार्यक्रममा सहभागिताले संस्थाको नियामकीय अनुपालन, अनुगमन, विश्लेषण, सुशासन तथा जोखिम व्यवस्थापनका अभ्यासलाई थप व्यवस्थित, प्रभावकारी र सुदृढ बनाउन सहयोग पुर्‍याएको छ।
- आगामी दिनमा सुशासन, पारदर्शिता, नियामकीय र अनुपालनलाई प्रभावकारी बनाउँदै सुरक्षित, सक्षम, दिगो तथा सदस्यकेन्द्रित संस्थाका रूपमा अघि बढाइनेछ ।

## १.१० सदस्य सेवा तथा सामाजिक उत्तरदायित्व

संस्थाले वित्तीय सेवासँगै सदस्य तथा सदस्यका परिवारको सामाजिक, पारिवारिक र शैक्षिक आवश्यकतालाई सम्बोधन गर्दै सदस्य हित तथा सामाजिक उत्तरदायित्वका कार्यक्रम सञ्चालन गर्दै आएको छ।

### प्रमुख कार्यक्रम तथा योगदान

| कार्यक्रम | आ.व. २०८२/०८३ को योगदान/उपलब्धि |
|---|---|
| प्रसूति कोसेली | १८ जना सदस्यलाई प्रसूति कोसेली प्रदान |
| शिशु बचत आरम्भ | १८ जना नवजात शिशुको बचत खाता आरम्भ |
| SEE उत्तीर्ण विद्यार्थी सम्मान | ३१ जना विद्यार्थी सम्मानित |
| विद्यार्थी सशक्तीकरण कार्यक्रम | २५२ जना बाल बचतकर्ता तथा ३९८ जना अभिभावक सहभागी |
| उत्कृष्ट क्यालेण्डर कला सम्मान | क्यालेण्डरका लागि उत्कृष्ट कला सिर्जना गर्ने १२ जना बाल बचतकर्ता सम्मानित |

### उपलब्धि तथा समीक्षा

- बाल बचतकर्तामा सानै उमेरदेखि बचत गर्ने संस्कार तथा वित्तीय सचेतना विकासमा योगदान पुगेको छ।
- SEE उत्तीर्ण विद्यार्थीको शैक्षिक उपलब्धिलाई सम्मान तथा प्रोत्साहन गरिएको छ।
- विद्यार्थी सशक्तीकरण कार्यक्रममार्फत बाल बचतकर्ता तथा अभिभावकको सहभागिता र वित्तीय सचेतना अभिवृद्धि गरिएको छ।
- क्यालेण्डरमार्फत बाल बचतकर्ताको सिर्जनशीलता र प्रतिभा प्रोत्साहन गरिएको छ ।
- समग्रमा, सामाजिक तथा शैक्षिक गतिविधिमार्फत बाल बचतकर्ता र अभिभावकसँगको संस्थागत सम्बन्ध थप सुदृढ भएको छ।
- बाल बचत, वित्तीय साक्षरता, विद्यार्थी प्रोत्साहन तथा सिर्जनशीलता विकासका कार्यक्रमलाई प्रभावकारी र निरन्तर बनाउँदै बचतकर्ता तथा अभिभावकसँगको सम्बन्ध थप सुदृढ गरिनेछ।

## १.११ मानव संसाधन तथा कर्मचारी विकास

संस्थाको प्रभावकारी सञ्चालन र गुणस्तरीय सदस्य सेवाका लागि दक्ष, जिम्मेवार तथा सेवामुखी मानव संसाधन विकासमा जोड दिइएको छ। आ.व. २०८२/८३ मा कर्मचारीको ज्ञान, सीप र कार्यक्षमता अभिवृद्धि गर्दै सेवामुखी कार्यसंस्कृतिलाई थप सुदृढ गरिएको छ।

- संस्थाको दैनिक प्रशासनिक कार्यलाई व्यवस्थित गर्दै प्रभावकारी सेवाप्रवाह र कार्यसम्पादनमा जोड दिइएको छ।
- कर्मचारीको क्षमता अभिवृद्धि, नेतृत्व विकास तथा व्यावसायिक दक्षतामा जोड दिइएको छ।
- आन्तरिक समन्वय, अनुशासन, जिम्मेवारीबोध र कार्यसम्पादन संस्कृतिलाई सुदृढ गरिएको छ।
- आगामी दिनमा दक्ष, उत्तरदायी र सेवामुखी मानव संसाधन विकासलाई थप प्राथमिकता दिइनेछ।

## १.१२ प्रविधिमैत्री सेवा र संस्थागत सुदृढीकरण

- सदस्यलाई सहज र प्रविधिमैत्री सेवा प्रवाहलाई निरन्तरता दिइएको छ।
- सदस्य कारोबार तथा अभिलेख व्यवस्थापनमा प्रविधिको प्रयोग सुदृढ गरिएको छ।
- आन्तरिक कार्यसम्पादन तथा रिपोर्टिङलाई प्रविधिमार्फत प्रभावकारी बनाइएको छ।
- आगामी दिनमा डिजिटल सेवा, डेटा सुरक्षा र डिजिटल साक्षरतामा थप जोड दिइनेछ।

## १.१३ विद्यार्थी सशक्तीकरण कार्यक्रम (Student Empowerment Program)



# आ.व. २०८३/८४ का लागि प्रस्तावित वार्षिक नीति, कार्यक्रम तथा वित्तीय लक्ष्य

आदरणीय सदस्य महानुभावहरू!

अब आ.व. २०८२/८३ को वार्षिक प्रगति, उपलब्धि तथा समग्र संस्थागत अवस्थाको समीक्षा प्रस्तुत गरिसकेपछि, आगामी आर्थिक वर्ष २०८३/८४ का लागि संस्थाले प्रस्तावित गरेका वार्षिक नीति, कार्यक्रम तथा वित्तीय लक्ष्यहरू यस गरिमामय साधारणसभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छौं।

बदलिँदो आर्थिक अवस्था, सदस्यका अपेक्षा, प्रविधिको विकास तथा सहकारी क्षेत्रमा देखिएका चुनौतीलाई ध्यानमा राख्दै ज्योतिपुञ्जलाई अझ सुरक्षित, पारदर्शी, प्रविधिमैत्री, सदस्यकेन्द्रित तथा दिगो संस्था बनाउने उद्देश्यले आ.व. २०८३/८४ को नीति, कार्यक्रम तथा वित्तीय लक्ष्य प्रस्ताव गरिएको छ।

## १. आगामी वर्षका मुख्य प्राथमिकता

### १.१ सदस्य केन्द्रित

निष्क्रिय सदस्यलाई पुनः सक्रिय बनाउने, सदस्यका सुझाव तथा गुनासा सुन्ने, सदस्यको आवश्यकता बुझ्ने तथा सदस्यलाई संस्थासँग दीर्घकालीन रूपमा जोड्ने कार्यलाई प्राथमिकता दिइनेछ।

### १.२ बचत वृद्धि तथा सुरक्षा

नियमित, क्रमिक, कारोबार/विशेष तथा आवधिक बचतका माध्यमबाट बचतको आकार विस्तार गरिनेछ। बाल, युवा तथा महिला सदस्यलाई बचतमा जोड्दै नियमित बचतको हिस्सा वृद्धि गरिनेछ। सदस्यको बचत सुरक्षा र संस्थाको वित्तीय स्थायित्वलाई उच्च प्राथमिकता दिइनेछ।

### १.३ गुणस्तरीय कर्जा तथा प्रभावकारी असुली

कर्जा विस्तारभन्दा कर्जाको गुणस्तरलाई प्राथमिकता दिइनेछ। व्यावसायिक, उद्यमशील तथा उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह बढाइनेछ। कर्जा लगानीपश्चात् नियमित अनुगमन, सदुपयोग परीक्षण तथा समयमै असुलीलाई प्रभावकारी बनाइनेछ।

### १.४ डिजिटल सदस्य सेवा

मोबाइल, SMS तथा अन्य डिजिटल सेवाको प्रयोग विस्तार गरिनेछ। सदस्यलाई कारोबारसम्बन्धी सूचना समयमै उपलब्ध गराउँदै डिजिटल अभिलेख, सूचना सुरक्षा तथा प्रविधिमा आधारित सेवा प्रणालीलाई थप व्यवस्थित गरिनेछ।

### १.५ वित्तीय साक्षरता

"एक सदस्य, एक वित्तीय लक्ष्य" अभियानमार्फत सदस्यलाई बचत, व्यक्तिगत बजेट, ऋण व्यवस्थापन, वित्तीय अनुशासन तथा भविष्यको आर्थिक योजनाबारे व्यवहारिक जानकारी प्रदान गरिनेछ।

### १.६ बाल, युवा तथा महिला लक्षित कार्यक्रम

बाल सदस्यमा बचतको संस्कार विकास गरिनेछ। युवालाई सीप, उद्यम तथा स्वरोजगारतर्फ प्रोत्साहित गरिनेछ। महिला सदस्यलाई उद्यम तथा आर्थिक गतिविधिमा थप सहभागी गराउने कार्यक्रम सञ्चालन गरिनेछ।

### १.७ सरल सेवा तथा सदस्य सम्मान

सदस्यले छिटो, सरल र सहज सेवा प्राप्त गर्ने वातावरण निर्माण गरिनेछ। ज्येष्ठ नागरिक तथा विशेष आवश्यकता भएका सदस्यलाई आवश्यक प्राथमिकता दिइनेछ। संस्थासँग नियमित र अनुशासित कारोबार गर्ने सदस्यलाई सम्मान तथा प्रोत्साहन गरिनेछ।

### १.८ सुशासन तथा जोखिम नियन्त्रण

संस्थाको काम पारदर्शी, उत्तरदायी तथा कानूनसम्मत बनाइनेछ। आन्तरिक नियन्त्रण, लेखापरीक्षण, कर्जा जोखिम,

तरलता, साइबर तथा सूचना सुरक्षालगायतका विषयमा नियमित निगरानी गरिनेछ।

### १.९ कर्मचारी दक्षता विकास

कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यकता र कार्यक्षेत्रअनुसार व्यवहारिक तालिम सञ्चालन गरिनेछ। कर्मचारीको कार्यसम्पादनलाई सेवा गुणस्तर, सदस्य सन्तुष्टि तथा संस्थाको परिणामसँग जोडिनेछ।

### १.१० सामाजिक उत्तरदायित्व

संस्थाको क्षमता र आवश्यकताअनुसार वित्तीय साक्षरता, शिक्षा, स्वास्थ्य तथा वातावरण संरक्षणमा केन्द्रित प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।

## २. आ.व. २०८३/८४ का समग्र वित्तीय लक्ष्य

आ.व. २०८२/८३ को वास्तविक उपलब्धिलाई आधार मानी आ.व. २०८३/८४ का लागि संस्थाको वित्तीय अवस्था, बचत तथा कर्जा परिचालन, संस्थागत पूँजी र नाफासम्बन्धी निम्न लक्ष्य निर्धारण गरिएको छ।

| क्र.सं. | सूचक | आ.व. २०८२/८३ यथार्थ | आ.व. २०८३/८४ लक्ष्य | वृद्धि/कमी |
|---|---|---|---|---|
| १ | कुल बचत | रु. १०७.४३ करोड | रु. १२१.१० करोड | १२.७२% वृद्धि |
| २ | कुल कर्जा लगानी | रु. ११७.३५ करोड | रु. १२८.४२ करोड | ९.४३% वृद्धि |
| ३ | कुल सम्पत्ति | रु. १४६.०८ करोड | रु. १६०.०० करोड | ९.५३% वृद्धि |
| ४ | शेयर पूँजी | रु. ९.७७ करोड | रु. १०.२७ करोड | ५.१२% वृद्धि |
| ५ | संस्थागत पूँजी | रु. १४.२९ करोड | रु.१५.३५ करोड | ७.४२% वृद्धि |
| ६ | आयकर अघिको नाफा | रु. २.८२ करोड | रु. ३.०६ करोड | ८.५१% वृद्धि |

**समग्र लक्ष्य:** आगामी वर्ष संस्थाले बचतको आधारलाई थप विस्तार गर्दै उत्पादनशील कर्जा परिचालन, लागत नियन्त्रण, प्रभावकारी असुली तथा जोखिम व्यवस्थापनमार्फत संस्थाको वित्तीय स्थायित्व र नाफा वृद्धि गर्ने लक्ष्य लिएको छ।

## ३. बचततर्फको योजना

आ.व. २०८२/८३ को बचतको वास्तविक अवस्था र विगतको बचत संरचनालाई आधार मानी आगामी वर्ष संस्थाको बचत आधारलाई थप सन्तुलित, स्थिर र दिगो बनाइनेछ।

| क्र.सं. | बचतको प्रकार | आ.व. २०८२/८३ वास्तविक | आ.व. २०८३/८४ लक्ष्य | वृद्धि/कमी |
|---|---|---|---|---|
| १ | विशेष बचत | रु. ३६.६१ करोड | रु. ४५.६५ करोड | २४.६८% वृद्धि |
| २ | क्रमिक अवधि बचत | रु. ८.१३ करोड | रु. ८.३६ करोड | २.८९% वृद्धि |
| ३ | आवधिक (मुद्दती) बचत | रु. ५२.४७ करोड | रु. ५४.८२ करोड | ४.४८% वृद्धि |
| ४ | नियमित बचत | रु. १०.२३ करोड | रु. १२.२७ करोड | १९.९९% वृद्धि |
| | **जम्मा** | **रु. १०७.४३ करोड** | **रु. १२१.१० करोड** | **१२.७२% वृद्धि** |

**बचततर्फका प्रमुख कार्यक्रम**

- नियमित तथा क्रमिक बचतको हिस्सा क्रमशः वृद्धि गर्ने।
- बाल, युवा तथा महिला सदस्यलाई बचत अभियानमा थप जोड्ने।
- निष्क्रिय सदस्यको बचत कारोबारलाई पुनः सक्रिय बनाउने।
- बचत योजनाहरूबीच सन्तुलित संरचना कायम गर्ने।
- बचत सुरक्षा, तरलता व्यवस्थापन तथा सदस्यलाई उचित प्रतिफल सुनिश्चित गर्ने।
- सदस्यलाई बचत योजना, सेवा–सुविधा तथा वित्तीय अनुशासनसम्बन्धी आवश्यक जानकारी प्रदान गर्ने।

## ४. कर्जातर्फको योजना

आ.व. २०८२/८३ को वास्तविक कर्जा लगानीलाई आधार मानी आ.व. २०८३/८४ मा कर्जा परिचालनलाई व्यावसायिक तथा उत्पादनमूलक कर्जा र व्यक्तिगत, आवास तथा अन्य कर्जा गरी मुख्य दुई समूहमा वर्गीकरण गरी अघि बढाइनेछ।

कर्जा विस्तारसँगै कर्जाको गुणस्तर, सदुपयोग, नियमित अनुगमन, प्रभावकारी असुली तथा जोखिम व्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ।

| क्र.सं. | कर्जाको मुख्य शीर्षक | आ.व. २०८२/८३ यथार्थ | आ.व. २०८३/८४ लक्ष्य | वृद्धि/कमी |
|---|---|---|---|---|
| १ | व्यावसायिक तथा उत्पादनमूलक | रू. ३८.५६ करोड | रू. ५५.४१ करोड | ४३.७०% वृद्धि |
| २ | व्यक्तिगत, आवास तथा घरेलु | रू. ७८.७९ करोड | रू. ७३.०१ करोड | ७.३४% कमी |
| | **जम्मा कर्जा** | **रू. ११७.३५ करोड** | **रु. १२८.४२ करोड** | **९.४३% वृद्धि** |

### कर्जातर्फका प्रमुख कार्यक्रम

- उत्पादन तथा आयआर्जनमूलक, व्यावसायिक तथा उद्यमशील क्षेत्रमा कर्जा प्रवाहलाई प्राथमिकता दिई कुल कर्जा लगानीको कम्तीमा ४३ प्रतिशत पुऱ्याइने।
- कर्जा लगानीपूर्व ऋणीको क्षमता, परियोजना तथा धितोको पर्याप्त मूल्यांकन गर्ने।
- लगानीपश्चात् कर्जाको सदुपयोग तथा व्यवसायको नियमित अनुगमन गर्ने।
- बक्यौता कर्जा असुलीका लागि वर्गीकृत तथा प्रभावकारी कार्ययोजना लागू गर्ने।
- कर्जा जोखिमअनुसार आवश्यक जोखिम व्यवस्था तथा नियन्त्रण कायम गर्ने।

## ५. सदस्यता लक्ष्य

आगामी वर्ष शेयर पूँजी वृद्धि तथा सदस्य विस्तारसँगै सक्रिय सदस्यता, नियमित बचत तथा संस्थासँगको नियमित कारोबारलाई प्राथमिकता दिइनेछ।

| क्र.सं. | सूचक | आ.व. २०८२/८३ यथार्थ | आ.व. २०८३/८४ लक्ष्य | वृद्धि/कमी |
|---|---|---|---|---|
| १ | कुल सदस्य | ३,९८९ जना | ४,२२३ जना | ५.८६% वृद्धि |
| २ | ऋणी सदस्य | २८५ जना | ३४७ जना | २१.७५% वृद्धि |
| ३ | बाल बचतकर्ता | ७०३ जना | ७५१ जना | ६.८३% वृद्धि |

## ६. आय, खर्च तथा नाफाको लक्ष्य

आ.व. २०८२/८३ को यथार्थ आय–व्यय तथा आगामी आ.व. २०८३/८४ को प्रस्तावित बजेटलाई आधार मानी संस्थाको आय, खर्च तथा नाफाको लक्ष्य निर्धारण गरिएको छ। आय तथा खर्चका प्रमुख शीर्षकसँगै आवश्यकतानुसार उपशीर्षकगत विवरणसमेत प्रस्तुत गरिएको छ।

### ६.१ आयतर्फको अनुमान

| क्र.सं. | आयको शीर्षक | आ.व. २०८२/८३ यथार्थ (रु.) | आ.व. २०८३/८४ अनुमानित (रु.) | वृद्धि/कमी |
|---|---|---|---|---|
| १ | ब्याज आम्दानी | १४,९७,५०,३१३.३९ | १३,९९,४२,४६९.०० | ६.५४% कमी |
| २ | अन्य आम्दानी | ८४,३९,३३१.३९ | १७,३०,५००.०० | ७९.५०% कमी |
| | **जम्मा आम्दानी** | **१५,८१,८९,६४४.७८** | **१४,१६,७२,९६९.००** | **१०.४४% कमी** |

### ६.२ ब्याज खर्चतर्फको अनुमान

| क्र.सं. | ब्याज खर्चको शीर्षक | आ.व. २०८२/८३ यथार्थ (रु.) | आ.व. २०८३/८४ अनुमानित (रु.) | वृद्धि/कमी |
|---|---|---|---|---|
| १ | बचतमा ब्याज खर्च | ८,४१,२६,५०२.४० | ६,६०,००,०००.०० | २१.५४% कमी |
| २ | बाह्य ऋणमा ब्याज खर्च | १६,५३,५२३.३७ | २५,००,०००.०० | ५१.१६% वृद्धि |
| | **जम्मा ब्याज खर्च** | **८,५७,८०,०२५.७७** | **६,८५,००,०००.००** | **२०.१४% कमी** |

### ६.३ कर्मचारी खर्चतर्फको अनुमान

| क्र.सं. | कर्मचारी खर्चको शीर्षक | आ.व. २०८२/८३ यथार्थ (रु.) | आ.व. २०८३/८४ अनुमानित (रु.) | वृद्धि/कमी |
|---|---|---|---|---|
| १ | तलब तथा भत्ता | ९५,५१,८१८.६७ | ९७,९४,७९९.८० | २.५४% वृद्धि |
| २ | ग्रेड खर्च | ५,३६,७२९.७३ | ४,५५,४५८.१९ | १५.१५% कमी |
| ३ | दशैं भत्ता | ८,४३,६८९.०३ | ८,१७,१८१.१० | ३.१४% कमी |
| ४ | महँगी भत्ता | ४९,६८,५२१.९६ | ४१,०२,०६२.१६ | १७.४४% कमी |
| ५ | पोशाक खर्च | ३,९८,०००.०० | २,२५,०००.०० | ४३.४७% कमी |
| ६ | सामाजिक सुरक्षा खर्च | २०,१७,७०९.७६ | २०,३८,११३.१६ | १.०१% वृद्धि |
| ७ | बिदा भत्ता | ५,८०,१६१.८१ | ५,८७,६८७.९९ | १.३०% वृद्धि |
| ८ | प्रोत्साहन | ४०,०००.०० | ४५,०००.०० | १२.५०% वृद्धि |
| ९ | फोर्स लिभ | १,०२,७४६.३९ | १,१०,०००.०० | ७.०६% वृद्धि |
| १० | बोनस व्यवस्था | ३१,८४,९८९.४० | ३३,३२,९६९.६० | ४.६५% वृद्धि |
| | **जम्मा कर्मचारी खर्च** | **२,२२,२४,३६६.७५** | **२,१५,०८,२७२.००** | **३.२२% कमी** |

### ६.४ प्रशासनिक तथा सञ्चालन खर्चतर्फको अनुमान

| क्र.सं. | खर्च शीर्षक | आ.व. २०८२/८३ यथार्थ (रु.) | आ.व. २०८३/८४ अनुमानित (रु.) | वृद्धि/कमी |
|---|---|---|---|---|
| १ | बिजुली तथा पानी | ४,०४,७०७.४५ | ४,२०,०००.०० | ३.७८% वृद्धि |
| २ | मर्मत सम्भार (भवन) | ४१,४९४.०० | १,२५,०००.०० | २०१.२४% वृद्धि |
| ३ | मर्मत सम्भार (साधन) | ३,६१,१४३.४७ | २,००,०००.०० | ४४.६२% कमी |
| ४ | मर्मत सम्भार (स्थिर) | ७१,५५२.९० | १,००,०००.०० | ३९.७५% वृद्धि |
| ५ | मर्मत सम्भार (अन्य) | २,५००.०० | २५,०००.०० | ९००.००% वृद्धि |
| ६ | बीमा | २,७८,०२०.५५ | २,७५,०००.०० | १.०९% कमी |
| ७ | टेलिफोन खर्च | ४०,७८१.८२ | ४५,०००.०० | १०.३४% वृद्धि |
| ८ | मसलन्द तथा छपाई | ११,७८,५२१.०८ | १३,००,०००.०० | १०.३०% वृद्धि |
| ९ | कार्यालय खर्च | ७,७५,९८६.३२ | ७,००,०००.०० | ९.७४% कमी |
| १० | सदस्यता खर्च | ५,३५०.०० | ६,०००.०० | १२.१५% वृद्धि |
| ११ | ऋण प्रशोधन खर्च | ५,४२,०१०.०० | ५,५०,०००.०० | १.४७% वृद्धि |
| १२ | विज्ञापन खर्च | ३०,१००.०० | ४०,०००.०० | ३२.८९% वृद्धि |
| १३ | कानुनी परामर्श खर्च | १,८०,०००.०० | १,८०,०००.०० | ०.००% |
| १४ | बैठक खर्च | ७,७०,८००.०० | ८,००,०००.०० | ३.७९% वृद्धि |
| १५ | साधारण सभा | २०,८५,३५४.४२ | २०,००,०००.०० | ४.०९% कमी |
| १६ | सफ्टवेयर खर्च | २,१०,१८०.०० | २,२०,०००.०० | ४.६७% वृद्धि |

| क्र.सं. | खर्च शीर्षक | आ.व. २०८२/८३ यथार्थ (रु.) | आ.व. २०८३/८४ अनुमानित (रु.) | वृद्धि/कमी |
|---|---|---|---|---|
| १७ | सुरक्षा खर्च | १३,४७,१८५.०६ | १४,२५,०००.०० | ५.७७% वृद्धि |
| १८ | किचेन खर्च | २,४८,९६६.९८ | २,५०,०००.०० | ०.४१% वृद्धि |
| १९ | सवारी साधन कर | ९२,०००.०० | १,१०,०००.०० | १९.५७% वृद्धि |
| २० | इन्धन खर्च | ८,४५,७८६.०४ | ८,००,०००.०० | ५.४२% कमी |
| २१ | आन्तरिक लेखापरीक्षण | २,०३,४००.०० | २,१०,०००.०० | ३.२४% वृद्धि |
| २२ | कर तथा दस्तुर खर्च | ४३,१६९.९१ | १,००,०००.०० | १३१.६३% वृद्धि |
| २३ | बैंक चार्ज | २१,२०९.०० | २०,०००.०० | ५.७१% कमी |
| २४ | कमिसन खर्च | २२,५१९.७० | २५,०००.०० | ११.०२% वृद्धि |
| २५ | लेखा परीक्षण शुल्क | ५,००,०००.०० | ५,००,०००.०० | ०.००% |
| २६ | कार्यक्रम खर्च (प्रोग्राम) | ५,२२,९३४.०९ | ६,००,०००.०० | १४.७७% वृद्धि |
| २७ | विद्यार्थी सशक्तीकरण | ५,४०,२९६.९८ | ५,५०,०००.०० | १.८४% वृद्धि |
| २८ | नवीकरण शुल्क | ७,९३,०७७.३९ | ८,००,०००.०० | ०.८७% वृद्धि |
| २९ | वार्षिक शुल्क (SCAN) | १,१०,०००.०० | ८५,०००.०० | २२.७३% कमी |
| ३० | सदस्यता कल्याण | २,०५,८८२.३१ | २,५०,०००.०० | २१.४३% वृद्धि |
| ३१ | मोबाइल सर्भिस खर्च | २,५८,१७२.२३ | २,५०,०००.०० | ३.१६% कमी |
| ३२ | मोबाइल बैंकिङ | - | १५,०००.०० | नयाँ |
| ३३ | पत्रपत्रिका खर्च | ८,०१०.०० | २५,०००.०० | २११.८५% वृद्धि |
| ३४ | AMC Charge | १,०१,७००.०० | ८५,०००.०० | १६.४७% कमी |
| ३५ | तालिम खर्च | ८५,३५५.०० | ३,००,०००.०० | २५१.२८% वृद्धि |
| ३६ | मूल्यांकन शुल्क | ४५,४२५.०० | ५०,०००.०० | १०.०६% वृद्धि |
| ३७ | दर्ता शुल्क (NCRA) | १५,०००.०० | - | - |
| ३८ | स्थिर सम्पत्ति बेच्दा घाटा | ६३,५०४.५१ | - | - |
| | **जम्मा प्रशासनिक तथा सञ्चालन खर्च** | **१,३०,५२,०९६.२१** | **१,३४,३६,०००.००** | **२.९४% वृद्धि** |

### ६.५ ह्रास कट्टी खर्च

| क्र.सं. | खर्च शीर्षक | आ.व. २०८२/८३ यथार्थ (रु.) | आ.व. २०८३/८४ अनुमानित (रु.) | वृद्धि/कमी |
|---|---|---|---|---|
| १ | ह्रास कट्टी खर्च | ६९,६४,६२४.१० | ६५,००,०००.०० | ६.६७% कमी |

### ६.६ कर्जा नोक्सानी व्यवस्था

| क्र.सं. | खर्चको शीर्षक | २०८२/८३ यथार्थ (रु.) | २०८३/८४ अनुमानित (रु.) | वृद्धि/कमी |
|---|---|---|---|---|
| १ | कर्जा नोक्सानी व्यवस्था | १९,७९,९०१.१३ | ११,००,०००.०० | ४४.४४% कमी |

### ६.७ समग्र आय–व्यय तथा नाफा

| क्र.सं. | विवरण | २०८२/८३ यथार्थ (रु.) | २०८३/८४ अनुमानित (रु.) | वृद्धि/कमी |
|---|---|---|---|---|
| १ | जम्मा आम्दानी | १५,८१,८९,६४४.७८ | १४,१६,७२,९६९.०० | १०.४४% कमी |
| २ | जम्मा खर्च | १३,००,०१,०१३.९६ | ११,१०,४४,२७२.०० | १४.५८% कमी |
| **३** | **आयकर अघिको नाफा** | **२,८१,८८,६३०.८२** | **३,०६,२८,६९७.००** | **८.६६% वृद्धि** |

**आय–व्ययसम्बन्धी संक्षिप्त विश्लेषण**

- आगामी आ.व. २०८३/८४ मा संस्थाको कुल आम्दानी रु. १४ करोड १६ लाख ७२ हजार ९६९ हुने लक्ष्य लिइएको छ।
- संस्थाको कुल खर्च रु. ११ करोड १० लाख ४४ हजार २७२ हुने अनुमान गरिएको छ।
- कुल ब्याज खर्च रु. ६ करोड ८५ लाख हुने अनुमान गरिएको छ।
- कर्मचारी खर्चतर्फ रु. २ करोड १५ लाख ८ हजार २७२ बजेट कायम गरिएको छ।
- प्रशासनिक तथा सञ्चालन खर्चतर्फ रु. १ करोड ३४ लाख ३६ हजार खर्च हुने अनुमान गरिएको छ।
- समग्र आय–व्यय व्यवस्थापनबाट आयकर अघिको नाफा रु. ३ करोड ६ लाख २८ हजार ६९७ पुऱ्याउने लक्ष्य राखिएको छ।

**७. बजेट तथा कार्यक्रम कार्यान्वयन र समीक्षा**

- प्रस्तावित बजेट तथा कार्यक्रमलाई सदस्य हित, सुशासन, वित्तीय अनुशासन र संस्थाको दिगो विकासमा केन्द्रित गरी कार्यान्वयन गरिनेछ।
- लक्ष्यको मासिक, त्रैमासिक तथा वार्षिक समीक्षा गरी प्रगति र लक्ष्यबीचको अन्तर पहिचान तथा आवश्यक सुधारात्मक कदम चालिनेछ।
- बचत, कर्जा तथा असुली, असल कर्जा अनुपात, सदस्यता, तरलता, आय–व्यय, सञ्चालन लागत, नाफा तथा KYM अद्यावधिक जस्ता प्रमुख सूचकहरूको नियमित अनुगमन गरिनेछ।

**अन्त्यमा,**

आगामी वर्ष धेरै कार्यक्रम घोषणा गर्नुभन्दा निर्धारित तथा मापनयोग्य लक्ष्यको प्रभावकारी कार्यान्वयन र परिणाम प्राप्तिलाई प्राथमिकता दिइनेछ। सदस्यको विश्वासलाई संस्थाको प्रमुख पूँजीका रूपमा आत्मसात् गर्दै पारदर्शिता, उत्तरदायित्व, वित्तीय अनुशासन, जोखिम नियन्त्रण तथा सदस्यकेन्द्रित सेवाका मूल्यमान्यता कायम राखिनेछ। संस्थाको वित्तीय स्थायित्व, सदस्य हित तथा दिगो संस्थागत विकासलाई केन्द्रमा राखी ज्योतिपुञ्जलाई सुरक्षित, सक्षम, प्रविधिमैत्री तथा विश्वासिलो संस्थाका रूपमा अघि बढाउन सञ्चालक समिति दृढ प्रतिबद्ध रहनेछ।

**धन्यवाद**

**जय ज्योतिपुञ्ज ! जय सहकारी !**

**सञ्चालक समिति**

# १६औं वार्षिक साधारण सभा

# लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजक श्री निशिमा आचार्यद्वारा प्रस्तुत आ.व. २०८२/८३ को प्रतिवेदन

सभाका अध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समितिका सदस्यज्यूहरू, सल्लाहकारज्यूहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरू एवं उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरू !

सर्वप्रथम ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६औं वार्षिक साधारण सभाको गरिमामय अवसरमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक अभिवादन तथा शुभकामना व्यक्त गर्दछु।

सहकारी संस्था सदस्यहरूको आर्थिक, सामाजिक तथा व्यावसायिक उन्नतिका लागि स्थापित सदस्यकेन्द्रित संस्था हो। संस्थाको सञ्चालनमा पारदर्शिता, वित्तीय अनुशासन, सुशासन, जवाफदेहिता तथा आन्तरिक नियन्त्रण प्रणालीको महत्वपूर्ण भूमिका रहन्छ। संस्थाले गरेका कार्य, गरेका निर्णय, वित्तीय कारोबार तथा समग्र व्यवस्थापनको नियमित समीक्षा गरी संस्थालाई थप व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउन सुझाव दिने कार्य लेखा सुपरिवेक्षण समितिको महत्वपूर्ण जिम्मेवारी हो।

संस्थाको १२औं वार्षिक साधारण सभाबाट विधिवत् रूपमा आफ्नो कार्यभार सम्हालेदेखि नै लेखा सुपरिवेक्षण समितिले संस्थाको आन्तरिक लेखा परीक्षण तथा सुपरिवेक्षणका कार्यहरू नियमित रूपमा गर्दै आएको छ। यसै क्रममा आ.व. २०८२/८३ मा संस्थाबाट सम्पादित वित्तीय, प्रशासनिक, संस्थागत तथा सदस्यकेन्द्रित गतिविधिहरूको समीक्षा गरी नियामक निकायबाट जारी निर्देशन, प्रचलित कानून तथा संस्थाको विनियमको परिधिभित्र रही तयार गरिएको वार्षिक समीक्षा प्रतिवेदन यस गरिमामय सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## १. सहकारी संस्थाको संक्षिप्त विवरण

**संस्थाको नाम:** ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

**कार्यक्षेत्र:** काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला

**मुख्य कार्यालय:** नयाँ बानेश्वर, काठमाडौं

**सेवा केन्द्रहरू:**

- कुमारीपाटी, ललितपुर
- गोठाटार, काठमाडौं
- लुभू, ललितपुर

**मुख्य कारोबार:** बचत तथा ऋण

**अन्य गतिविधि तथा कारोबार:** विप्रेषण, बीमा तथा विभिन्न सामाजिक एवं सदस्य हितसम्बन्धी गतिविधिहरू

## २. अघिल्लो साधारण सभाका निर्णयहरूको कार्यान्वयन अवस्था

संस्थाको १५औं वार्षिक साधारण सभाबाट विभिन्न विषयमा ११ वटा महत्वपूर्ण निर्णयहरू पारित भएका थिए। उक्त सभाबाट पारित निर्णय तथा निर्देशनहरूको कार्यान्वयन अवस्था समग्रमा सन्तोषजनक रहेको पाइयो।

संस्थाले साधारण सभाबाट प्राप्त निर्देशनलाई आधार बनाउँदै वार्षिक योजना तथा कार्यक्रमहरू सञ्चालन गरेको देखिन्छ। संस्थाको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने, सदस्य सेवामा सुधार गर्ने, ऋण असुलीलाई प्रभावकारी बनाउने तथा वित्तीय अनुशासन कायम गर्ने दिशामा सञ्चालक समिति र व्यवस्थापनबाट आवश्यक पहल भएको पाइयो।

## ३. आ.व. २०८२/८३ मा बसेका बैठक, भएका निर्णय तथा कार्यान्वयनको अवस्था

समीक्षा अवधिमा सञ्चालक समितिको २७ वटा, लेखा सुपरिवेक्षण समितिको ४ वटा तथा विभिन्न उपसमितिहरूको ४२

वटा बैठक सम्पन्न भएको पाइयो।

बैठकबाट भएका अधिकांश निर्णयहरू संस्थाको आवश्यकता र प्राथमिकताका आधारमा कार्यान्वयन भएको देखिन्छ। निर्णय कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गर्ने कार्यलाई अझ प्रभावकारी बनाउन आवश्यक देखिन्छ।

## ४. ऋण लगानीको प्रक्रिया तथा ऋण सुरक्षण/धितोसम्बन्धी व्यवस्था

संस्थामा प्राप्त ऋण निवेदनहरूको आवश्यक अध्ययन तथा मूल्याङ्कन गरी सम्बन्धित कर्मचारी तथा प्राविधिकबाट स्थलगत निरीक्षण गर्ने व्यवस्था रहेको पाइयो। धितो तथा परियोजना स्थलको निरीक्षणपश्चात् तयार हुने मूल्याङ्कन प्रतिवेदनका आधारमा अधिकारप्राप्त तहबाट ऋण स्वीकृत गरी सम्बन्धित कार्यालयमा धितोबन्धक रोक्का राखी ऋण लगानी गर्ने गरिएको देखिन्छ।

संस्थाले ऋण लगानी गर्दा घर, जग्गा, सवारी साधन, बचत निक्षेप खाता रोक्का तथा आवश्यकताअनुसार अन्य सुरक्षणका आधारमा ऋण प्रवाह गर्ने गरेको पाइयो। साथै, संस्थाको नीति तथा कार्यविधिको सीमाभित्र रही रु. ३ लाखसम्मको समूह जमानत ऋण समेत लगानी गर्ने गरेको पाइयो ।

भाखा नाघेको ऋणको नियमित अनुगमन, वर्गीकरण तथा समयमै असुली गर्ने कार्यलाई अझ प्रभावकारी बनाउन आवश्यक देखिन्छ। ऋण लगानीभन्दा पनि ऋणको गुणस्तर र असुलीलाई प्राथमिकतामा राख्नुपर्ने हाम्रो सुझाव रहेको छ।

## ५. समीक्षा अवधिमा भएका मुख्य कार्यक्रम तथा गतिविधिहरू

समीक्षा अवधिमा संस्थाले सदस्यकेन्द्रित विभिन्न कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गरेको पाइयो। सदस्य हित योजना अन्तर्गतका कार्यक्रमहरूलाई निरन्तरता दिइएको छ।

सदस्यहरूसँगको सम्बन्ध विस्तार, वित्तीय साक्षरता, सदस्य सेवा सुधार, सामाजिक उत्तरदायित्व तथा संस्थाको संस्थागत पहिचान अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गरिएका कार्यक्रमहरूले संस्थाको छवि र सदस्यसँगको सम्बन्ध थप सुदृढ बनाउन सहयोग पुगेको देखिन्छ।

आगामी दिनमा कार्यक्रम सञ्चालन गर्दा सदस्यको वास्तविक आवश्यकता, प्रभावकारिता तथा उपलब्धिको मापनलाई समेत प्राथमिकतामा राख्न आवश्यक देखिन्छ।

## ६. राष्ट्रिय सहकारी नियमन प्राधिकरण, सहकारी विभाग तथा सम्बन्धित नियामक निकायबाट जारी मापदण्डहरूको पालना

समीक्षा अवधिमा राष्ट्रिय सहकारी नियमन प्राधिकरण, संघीय सहकारी रजिष्ट्रारको कार्यालय, बागमती प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय तथा अन्य सम्बन्धित नियामक निकायबाट जारी भएका निर्देशन, मापदण्ड, मार्गदर्शन तथा परिपत्रहरूलाई संस्थाको सञ्चालक समिति तथा व्यवस्थापनले आवश्यक रूपमा कार्यान्वयन गर्ने प्रयास गरेको पाइयो।

नियामक निकायहरूबाट समय-समयमा जारी हुने नयाँ निर्देशन तथा मापदण्डहरूलाई समयमै अध्ययन गरी संस्थाको नीति, कार्यविधि तथा कार्यप्रणालीमा समायोजन गर्नुपर्ने देखिन्छ।

## ७. नियामक निकाय तथा सम्बन्धित संघसंस्थाबाट प्राप्त निर्देशन/सुझावहरूको कार्यान्वयन

सहकारीका नियामक निकाय तथा सम्बन्धित सहकारी संघसंस्थाबाट समय–समयमा प्राप्त निर्देशन तथा सुझावहरूलाई संस्थाले आवश्यक महत्व दिई कार्यान्वयन गर्ने गरेको पाइयो।

अनुगमनबाट प्राप्त सुझावहरूको अभिलेख राखी त्यसको कार्यान्वयन अवस्था नियमित रूपमा समीक्षा गर्ने प्रणालीलाई अझ व्यवस्थित बनाउन आवश्यक देखिन्छ।

## ८. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरू

साधारण सभाबाट स्वीकृत निर्णय तथा संस्थाको प्रचलित नियमअनुसार समिति तथा उपसमितिहरूलाई बैठक तथा जिम्मेवारीअनुसार उपलब्ध गराउनुपर्ने भत्ता बाहेक नियमित रूपमा पारिश्रमिक दिने गरेको पाइएन ।

## ९. कर्मचारी प्रशासनसम्बन्धी व्यवस्था

९.१ संस्थामा साधारण सभाबाट स्वीकृत मानव संसाधन नीति, २०७६ लागू रहेको छ।

९.२ मानव संसाधन नीतिलाई संस्थाको कर्मचारी व्यवस्थापनमा प्रयोगमा ल्याइएको पाइयो।

९.३ कर्मचारी भर्ना प्रक्रिया पारदर्शी तथा प्रतिस्पर्धात्मक बनाउन आवश्यक प्रक्रिया अवलम्बन गरिएको पाइयो।

९.४ कर्मचारी पदपूर्ति गर्दा सञ्चालक समितिबाट गठित पदपूर्ति उपसमितिमार्फत लिखित, मौखिक तथा आवश्यकताअनुसार प्रयोगात्मक परीक्षा सञ्चालन गरी योग्य उम्मेदवार छनोट गर्ने प्रक्रिया अवलम्बन गरिएको पाइयो।

९.५ मुख्य कार्यालय, सेवा केन्द्र तथा विभिन्न विभागमा कार्यरत कर्मचारीहरूको कार्यभार र जिम्मेवारीबीच आवश्यक समन्वय कायम गरिएको पाइयो। संस्थाको आवश्यकता तथा कार्यचापका आधारमा कर्मचारीको जिम्मेवारी तथा विभागीय कार्यक्षेत्रमा समय–समयमा आवश्यक समायोजन गर्ने गरिएको देखिन्छ।

आगामी दिनमा कर्मचारीको क्षमता अभिवृद्धि, कार्यसम्पादन मूल्याङ्कन तथा सेवा गुणस्तरमा थप ध्यान दिनुपर्ने देखिन्छ।

## १०. समिति, उपसमिति तथा कर्मचारीहरूले लिएको ऋण र भाखा नाघेको अवस्था

संस्थामा रहेका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति तथा कर्मचारीहरूले संस्थाको प्रचलित नीति तथा नियमअनुसार ऋण सेवा उपभोग गरेको पाइयो।

समीक्षा अवधिसम्म सम्बन्धित पदाधिकारी, समिति/उपसमिति सदस्य तथा कर्मचारीहरूको ऋणमध्ये भाखा नाघेको ऋण नरहेको पाइयो।

## ११. लेखा सुपरिवेक्षण समितिले यसअघि दिएका सुझावहरूको कार्यान्वयन अवस्था

लेखा सुपरिवेक्षण समितिले विगतका विभिन्न समयमा सञ्चालक समिति तथा व्यवस्थापनलाई वित्तीय अनुशासन, ऋण असुली, आन्तरिक नियन्त्रण, अभिलेख व्यवस्थापन तथा संस्थागत सुशासनका सम्बन्धमा दिएका सुझावहरूलाई सञ्चालक समिति तथा व्यवस्थापनले सकारात्मक रूपमा ग्रहण गरी कार्यान्वयन गरेको पाइयो।

विशेषगरी ऋण असुली तथा भाखा नाघेको ऋणको अनुगमनतर्फ विगतका सुझावहरूलाई कार्यान्वयन गर्ने प्रयास भएको देखिन्छ। आगामी दिनमा सुझाव कार्यान्वयनको प्रगति नियमित रूपमा अभिलेखीकरण तथा समीक्षा गर्ने व्यवस्था अझ प्रभावकारी बनाउन आवश्यक छ।

## १२. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू

१२.१ संस्थाको लेखा हिसाब प्रचलित दोहोरो लेखा प्रणाली तथा आधुनिक सि.वि.एस. (Core Banking System) लगायतका प्रविधिको प्रयोगबाट व्यवस्थित रूपमा राखिएको पाइयो।

१२.२ स्थिर सम्पत्तिको लेखाङ्कन गर्दा प्रचलित लेखा नीति तथा मापदण्डअनुसार ह्रासकट्टी गरी खुद बाँकी मूल्य देखाइएको पाइयो। लेखासम्बन्धी विभिन्न शीर्षकहरू संस्थाको स्वीकृत लेखा नीतिअनुसार व्यवस्थित गरिएको छ।

१२.३ सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी प्रचलित निर्देशनअनुसार आवश्यक कार्यान्वयन अधिकारीको व्यवस्था गरिएको छ। सम्बन्धित अधिकारीबाट आवश्यक TTR/STR लगायतका प्रतिवेदनहरू नियमानुसार सम्बन्धित निकायमा पेश गर्ने गरिएको पाइयो।

१२.४ संस्थाको गतिविधि तथा सदस्यका गुनासोहरूलाई व्यवस्थित रूपमा सम्बोधन गर्न सूचना तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको पाइयो।

१२.५ संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन कारोबारको नियमित परीक्षण, जोखिम पहिचान तथा आवश्यक सुधारात्मक कार्यमा निरन्तर ध्यान दिनुपर्ने देखिन्छ।

## १३. लेखा सुपरिवेक्षण समितिका सुझावहरू

१३.१ सदस्यहरूलाई वित्तीय साक्षरता कार्यक्रममार्फत संस्थाको सेवा, वित्तीय अनुशासन, बचत तथा ऋणको उचित प्रयोगका सम्बन्धमा थप सुसूचित गराउँदै गुणस्तरीय सदस्यता वृद्धिमा जोड दिन सुझाव गर्दछौं।

१३.२ संस्थामा कार्यरत कर्मचारीहरूको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गरी गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न समयसापेक्ष तालिम तथा अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिन सुझाव गर्दछौं।

१३.३ वित्तीय क्षेत्र स्वभावतः जोखिमयुक्त तथा संवेदनशील क्षेत्र भएकाले भाखा नाघेका ऋणको नियमित अनुगमन गरी ऋणी सदस्यलाई समयमै सचेत गराउने, आवश्यक कानुनी तथा व्यवस्थापकीय प्रक्रिया अघि बढाउने र ऋण असुली दरलाई उच्चतम स्तरमा पुऱ्याउने स्पष्ट कार्ययोजना निर्माण गर्न सुझाव गर्दछौं।

१३.४ संस्थाको दीर्घकालीन परिकल्पना तथा उद्देश्यअनुसार सदस्य सन्तुष्टिलाई केन्द्रमा राखी दिगो, पारदर्शी र सुशासित सहकारी निर्माणमा आवश्यक ध्यान दिन सुझाव गर्दछौं।

१३.५ वित्तीय बजारमा देखिने तरलता व्यवस्थापनसम्बन्धी चुनौतीलाई दीर्घकालीन रूपमा सम्बोधन गर्न नियमित मासिक बचत वृद्धि गर्ने, सदस्यहरूमा बचत गर्ने संस्कार विकास गर्ने तथा उत्पादनमूलक क्षेत्रमा ऋणको माग बढ्ने कार्यक्रम सञ्चालन गर्न सुझाव गर्दछौं।

१३.६ ऋण सेवामा आवश्यक सहजता, छरितोपन तथा पारदर्शिता कायम गर्दै ऋणी सदस्यलाई आय तथा धन सिर्जना हुने उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्न सुझाव गर्दछौं।

१३.७ सहकारी संस्थाप्रति सदस्य तथा आमसमुदायको विश्वास अझ सुदृढ बनाउन संस्थाका सबल पक्ष, उपलब्धि तथा सदस्य हितका कार्यक्रमहरूबारे प्रभावकारी सूचना तथा सञ्चार गर्न सुझाव गर्दछौं।

१३.८ संस्थाको गतिविधि तथा कार्यसम्पादनलाई स्वतन्त्र र वस्तुनिष्ठ रूपमा मूल्याङ्कन गर्न समय–समयमा सामाजिक परीक्षण, प्रणाली परीक्षण तथा आवश्यक आन्तरिक समीक्षा गर्ने व्यवस्था गर्न सुझाव गर्दछौं।

१३.९ संस्थाको वित्तीय जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण, साइबर सुरक्षा तथा प्रविधिमा आधारित कारोबारको सुरक्षालाई विशेष प्राथमिकता दिन सुझाव गर्दछौं।

१३.१० संस्थाको कारोबार विस्तारसँगै जोखिम पनि बढ्न सक्ने भएकाले जोखिममा आधारित आन्तरिक लेखापरीक्षण तथा नियमित अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाउन सुझाव गर्दछौं।

आदरणीय सदस्य महानुभावहरू,

हामीले सहकारी विभाग तथा सम्बन्धित नियामक निकायबाट जारी निर्देशन, संस्थाको विनियम, नीति तथा कार्यविधिको परिधिभित्र रही आन्तरिक लेखा परीक्षण तथा सुपरिवेक्षणका कार्यहरू सम्पादन गरेका छौं।

संस्थागत सुशासन कायम गर्दै वित्तीय अनुशासन, पारदर्शिता, जवाफदेहिता तथा आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुत बनाउने कार्यमा लेखा सुपरिवेक्षण समितिले आफ्नो तर्फबाट निरन्तर ध्यान केन्द्रित गर्दै आएको छ।

संस्थाको प्रगति केवल वासलातको आकार बढ्नु मात्र नभई सदस्यको विश्वास, सन्तुष्टि, सुरक्षित बचत, गुणस्तरीय ऋण सेवा, वित्तीय अनुशासन र संस्थाको दीर्घकालीन स्थायित्वबाट मापन हुनुपर्छ भन्ने हाम्रो धारणा रहेको छ।

सञ्चालक समिति, विभिन्न उपसमिति, व्यवस्थापन, कर्मचारी तथा सम्पूर्ण सदस्य महानुभावहरूको सक्रियता, सहयोग र सकारात्मक भूमिकाका कारण संस्थाले समीक्षा वर्षमा पनि आशातीत उपलब्धि हासिल गर्न सफल भएको हाम्रो बुझाइ छ।

हाम्रो यात्रा अझै लामो छ। त्यसैले विगतका उपलब्धिबाट उत्साहित हुँदै चुनौतीहरूलाई अवसरका रूपमा ग्रहण गरी संस्थालाई अझ सबल, सक्षम, पारदर्शी, प्रविधिमैत्री तथा सदस्यमैत्री बनाउँदै लैजानु आजको आवश्यकता हो।

आगामी दिनमा संस्थाले सदस्यकेन्द्रित सेवा, गुणस्तरीय ऋण लगानी, प्रभावकारी ऋण असुली, नियमित बचत वृद्धि, जोखिम व्यवस्थापन तथा सुशासनलाई प्राथमिकतामा राख्दै अगाडि बढोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं।

अन्तमा, यस प्रतिवेदन तयार गर्ने क्रममा आवश्यक सहयोग तथा सूचना उपलब्ध गराउनुहुने सञ्चालक समिति, व्यवस्थापन, कर्मचारी तथा सम्बन्धित सबैमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं।

प्रस्तुत लेखा सुपरिवेक्षण समितिको आ.व. २०८२/८३ को वार्षिक समीक्षा प्रतिवेदन उपर आवश्यक छलफल गरी पारित गरिदिनुहुन यस गरिमामय सभासमक्ष हार्दिक अनुरोध गर्दछौं।

धन्यवाद !

**जय ज्योतिपुञ्ज !! जय सहकारी !!!**



संयोजक

**श्री निशिमा आचार्य**



सदस्य

**श्री एलिना कार्की थापा**



सदस्य

**श्री गिता राउत**

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

नयाँ बानेश्वर, काठमाडौं, नेपाल

# सदस्य महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

## वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित प्रतिवेदन

### १. राय

हामीले ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको (यस पछि संस्था भनिएको) संलग्न २०८३ आषाढ मसान्त (१६ जुलाई २०२६) को वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, वित्तीय विवरणहरुले संस्थाको २०८३ आषाढ मसान्त (१६ जुलाई २०२६) को वित्तीय अवस्था र सोही मितिमा अन्त्य भएको आर्थिक बर्षको नाफा वा नोक्सानको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानुनको अधिनमा रही नेपाल वित्तीय प्रतिवेदनमान को प्रारुप अनुसार यथार्थ चित्रण गर्दछ ।

हामीले हाम्रो लेखापरिक्षण "नेपाल लेखापरीक्षणमान" बमोजिम सम्पन्न गरेका छौं । यी मान अन्तर्गतका हाम्रा दायित्वहरु यस प्रतिवेदनको "वित्तीय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले व्यवसायिक लेखापालका लागि आचारसंहितको हातेपुस्तक लगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचरणहरुको आधारमा हामी यस संस्थाबाट स्वतन्त्र छौं र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचारसंहिताको हातेपुस्तक बमोजिम अन्य आचरणको जिम्मेवारी पूरा गरेका छौं । हाम्रो लेखापरिक्षणबाट प्राप्त लेखापरिक्षण प्रमाणहरु हाम्रो रायलाई पर्याप्त एवं उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

### २. लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु

यस अवधिको संस्थाको वित्तीय विवरणको लेखापरिक्षणका क्रममा हाम्रो व्यवसायिक निर्णयका आधारमा लेखापरिक्षणमा सवैभन्दा महत्वपूर्ण विषयहरु नै लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु हुन । यी विषयहरु वित्तीय विवरणको लेखापरिक्षणका क्रममा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरीएको थियो र हामी यी विषयमा छुट्टै राय प्रदान गर्दैनौ । हामीले तल वर्णन गरीएका विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्ने लेखापरिक्षण सम्बन्धि मुख्य विषयहरुका रुपमा निर्धारण गरेका छौं ।

| सि.नं. | लेखापरिक्षण सम्बन्धि मुख्य विषयहरु | लेखापरिक्षकको प्रतिक्रिया |
|---|---|---|
| १. | **सुचना प्रविधि सामान्य नियन्त्रण**<br><br>कारोवारको लेखाङ्कन र विभिन्न नियमनकारी निकायको निर्देशनको अनुपालनाका लागि आवश्यक पर्ने बिभिन्न प्रतिवेदनहरुको उत्पादनहरुको विश्वसनीयता सुचना प्रविधि, सफ्टवेयर र अन्य सम्वद्ध प्रणालीको प्रभावकारीतामा भर पर्दछ । | संस्थाको सुचना प्रविधि प्रणाली सम्बन्धमा हाम्रो लेखापरिक्षण पद्दती देहायबमोजिम रहेको छ:<br><br>• संस्थाद्वारा प्रयोग गरिएको सफ्टवेयरको सञ्चालन प्रणालीबारे बुझ्यौं ।<br><br>• संस्थामा रहेको हाल अवस्थित सुचना प्रविधि प्रणालीमा तथ्याङ्कको प्रविष्टि र वित्तीय विवरणहरुको उत्पादन प्रक्रियाबारे बुझ्यौं । |

| सि.नं. | लेखापरिक्षण सम्बन्धि मुख्य विषयहरु | लेखापरिक्षकको प्रतिक्रिया |
|---|---|---|
| | सुचना प्रविधि माथिको नियन्त्रण तथा प्रमाणिकरणमा भएका त्रुटीहरु, गलत तथ्याङ्को प्रविष्टी तथा गलत तथ्याङ्कको गलत उत्पादनले व्यवस्थापन, शेयरधनी र नियामकहरुलाई गलत प्रतिवेदन पेश हुनसक्ने भएकाले हामीले यसलाई प्रमुख लेखापरिक्षण विषयको रुपमा लिएका छौ । | • संस्थाको नीति नियममा कुनै पनि परिवर्तन भएको अवस्थामा प्रयोगकर्ताले प्रयोग गर्ने सुचना प्रविधिको उपयोगको तरिका तथा अन्य विवरण समेत परिवर्तन भएको सुनिश्चित गर्यौ ।<br>• प्रणालीबाट उत्पादित विभिन्न प्रतिवेदन नमुना कारोबारको आधारमा विश्लेषण गर्यौं । हामीले कर्जा लगानीमा व्याज बापतको आय र सदस्यको बचतमा व्याज वापतको खर्चको गणना नमुना छनौट गरी सोको आधारमा सफ्टवेयरबाट हुने गणनाको जाँच तथा विश्लेषण गर्यौं ।<br>• संस्थाद्वारा हामीलाई उपलब्ध गराईएको सुचना प्रविधि प्रणालीमा हामीले विश्वास गरी हाम्रो लेखापरिक्षण सम्पन्न गर्यौं । |

## ३. वित्तीय विवरण र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए बाहेकको अन्य सुचनाहरु

अन्य सुचनाहरुको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । अन्य सुचनाहरुमा व्यवस्थापनको प्रतिवेदन, सञ्चालक समिति तथा अध्यक्षको प्रतिवेदन पर्दछ जसमा वित्तीय विवरण तथा लेखापरीक्षण प्रतिवेदन पर्दैन । यस्ता सुचनाहरु हामिलाई लेखापरीक्षण प्रतिवेदन जारी भएपश्चात मात्र प्राप्त हुन्छन् ।

वित्तीय विवरणमा हाम्रो रायले अन्य जानकारीलाई समावेश गर्दैन र हामी यसमा कुनै पनि प्रकारको राय व्यक्त गर्दैनौं । वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, माथि उल्लेख गरिएका अन्य जानकारीहरु उपलब्ध हुँदा पढ्नु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा अन्य जानकारीहरु वित्तीय विवरण वा लेखापरीक्षणका बखत प्राप्त भएको हाम्रो ज्ञान वा सारभुत रुपमा गलत व्याख्या भएका छन् कि छैन्न भनी विचार गर्नँपर्दछ ।

हामीलाई उपलब्ध त्यस्ता जानकारीमा कुनै सारभुत गलत व्याख्या छन् भने, हामीले सो कुरा शासनसँग जिम्मेवारहरुलाई जानकारी गराउन आवश्यक छ ।

## ४. वित्तीय विवरणप्रति व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान, सम्बन्धित ऐन, नियम, अभ्यास अनुरुप यथार्थ एवं उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्य पर्दछ ।

वित्तीय विवरण तयार गर्दा समुहको संस्थागत निरन्तरता क्षमताको जाँच गर्नु, लागु हुने भए अनुसारको संस्थागत निरन्तरता सम्बन्धि व्यहोरा उल्लेख गर्नु तथा व्यवस्थापनले संस्था खारेज वा सञ्चालन बन्द वा उपयुक्त कार्य गर्नु बाहेक अन्य उपयुक्त विकल्प नभएमा बाहेक संस्थागत निरन्तरता सम्बन्धि लेखाको आधार प्रयोग गर्नुपर्दछ । शासकीय भूमिका वहन गर्नेहरुले वित्तीय प्रतिवेदन तयारीको प्रक्रिया निरीक्षण गर्न जिम्मेवार छन् ।

## ५. वित्तीय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्रमा वित्तीय विवरणहरु जालसाजी वा त्रुटिका कारणले गलत आँकडासहित प्रस्तुत भएका छैनन् भन्ने कुरामा मनासिब आश्वश्तता प्राप्त गर्नु र लेखापरीक्षणको आधारमा हाम्रो राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नँ रहेको छ । मनासिब आश्वश्तता उच्च तहको आश्वासन हो, तर नेपाल लेखापरीक्षणमान अनुसार गरिएको लेखापरीक्षणले सारभूतरुपमा गलत वर्णन भएको अवस्था सधैँ पत्ता लगाउँछ भन्ने प्रत्याभुति होइन । गलत वर्णन एकल वा समष्टिमा जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्छ र यी वित्तीय विवरणहरुको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयलाई प्रभाव पार्छ भन्ने उपयुक्त अपेक्षा गर्न सक्ने अवस्थामा मात्र, सो गलत वर्णनलाई सारभूत मानिन्छ ।

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक र व्यवसायिक सन्देह कायम गरेका छौं । यस क्रममा, हामीले,

(क) जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडासहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौँ। जालसाजीमा मिलीभगत, जालसाजी, जानीजानी भूल गर्ने काम, गलत प्रस्तुती वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने कारण जालसाजीको कारणले हुने "सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिम, त्रुटिको कारणले हुने "सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिमभन्दा बढि हुन्छ।

(ख) संस्थाको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षणसँग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौँ, तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन।

(ग) संस्थाको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको उपयुक्तता र लेखा अनुमानहरुको व्यवहारिकता तथा ती सँग सम्बन्धित खुलासाहरुको मूल्याङ्कन गरेका छौँ।

(घ) व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधारमा संस्था अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौँ। हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासातर्फ सदस्यहरुको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ। हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने मितिसम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ। तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि संस्थाको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ।

(ङ) व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको मूल्याङ्कन गरेका छौँ।

(च) लेखापरीक्षकको राय व्यक्त गर्न संस्थाको वित्तीय जानकारी वा व्यवसायिक क्रियाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौँ।

शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमी कमजोरी लगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सूचित गरेका छौँ। शासकीय भूमिका वहन गर्नेहरु समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासँग सम्बन्धित प्रासंगिक आचारको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौँ। यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभाव पार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा पनि सूचित गरेका छौँ।

## ६. अन्य कानूनी तथा नियामक आवश्यकता प्रति प्रतिवेदन

उपरोक्त आधारमा संस्थाले पेश गरेका अभिलेखको आधारमा लेखापरिक्षण गरि निम्नानुसारको थप प्रतिवेदन पेश गरिएको छ।

**संस्थाको लेखापरीक्षणका क्रममा अन्य कानुनी तथा नियमक निकायका पालना गनुपर्ने आवश्यक ऐन, नियम तथा मापदण्ड सम्बन्धि भेटिएका कैफियतहरु:**

- राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्बन्धी मापदण्ड २०८२ परिच्छेद ३ बुँदा (१.२) बमोजिम संस्थाले आफ्नो प्रत्येक सदस्यलाई संस्थाको कूल पुँजी कोषको १५ प्रतिशतमा नवढाई ऋण प्रदान गर्न सक्ने व्यवस्था भएतापनि संस्थाले केहि ऋण लगानी गर्दा सो व्यवस्थाको पालना गरेको पाईएन।

- राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्बन्धी मापदण्ड २०८२ परिच्छेद ३ बुँदा (१.७) बमोजिम संस्था वा संघले कुल ऋण लगानीको ५० प्रतिशत कृषि उद्योग र सञ्चालन उत्पादनमुलक क्षेत्रमा निर्धारण गर्नु पर्नेछ भनेतापनि सो व्यवस्थो संस्थाले पूर्ण रुपमा पालना गरेको पाईएन।

- राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्बन्धी मापदण्ड २०८२ परिच्छेद २ बुँदा (३.१) बमोजिम नियमित बचतको अंश कुल वचतको २५ प्रतिशत कायम गनुपर्नेछ । संस्थाले सो व्यवस्थाको पालना गरेको पाईएन।

- राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्बन्धी मापदण्ड २०८२ परिच्छेद ३ बुँदा (१.३) बमोजिम संस्थाले नयमित बचत सदस्यलाई तिनीहरूको बचत रकमको पाँच गुणासम्म वा रू. ३,००,००० (जुन कम हुन्छ) सम्म ऋण बिना धितो उपलब्ध गराउन सकिन्छ । संस्थाले सो व्यवस्थको पालना गरेको पाईएन ।

**मथि उल्लेखित बुदाहरु बाहेक**

- हामीलाई लेखापरिक्षण गर्न उपलब्ध भएका आबश्यक सुचना एवं स्पष्टीकरणहरु सन्तोषजनक पायौं ।
- यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, बहीखाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।
- "रायको आधार" शिर्षक अन्तरगत उल्लेख गरिएको व्यहोरा बाहेक सहकारी संस्थाको हिसावकिताव तथा श्रेस्ता नेपाल लेखामान तथा प्रचलित कानून वमोजिम ठीकसंग राखिएका छन् ।
- हामीले जाने बुझेसम्म एवं प्राप्त सुचना तथा स्पष्टीकरण र लेखापरिक्षणको आधारमा संस्थाका संचालकहरु वा कुनै कर्मचारीले लेखा सम्बन्धि कुनै कानुनी व्यवस्था विरुद्ध काम गरेको वा संस्थालाई हानी नोक्सानी गराएको पाएनौं ।
- हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा संस्थाको कारोबार सन्तोषजनक रूपमा सञ्चालन भएको र संस्थाको अख्तियारीभित्र रहेको पायौं ।
- संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।




**सि.ए. बिशाल राज भुषाल**
**प्रार्टनर**
बि.आर.बि.एस एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्
UDIN: 260824CA00780zAPLL
काठमाडौं, नेपाल
२०८३।०४।२८

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

**नयाँ बानेश्वर, काठमाडौं, नेपाल**

**२०८३ आषाढ मसान्त**

## पर्ल्स अनूपात

| सूचक | क्षेत्र | विवरण | रकम | लेखामा | मापदण्ड |
|---|---|---|---|---|---|
| P-Protection सुरक्षण | P1 | नोक्सानीको लागि व्यवस्था | ३,८३४,२३१.३६ | १००.०% | १००% |
| | | खराब कर्जा | ३,८३४,२३१.३६ | | |
| | P2 | नोक्सानीको लागि व्यवस्था | २३,२७६,८८१.१५ | २५.००% | २५% |
| | | कमसल ऋण | ९३,१०७,५२४.५८ | | |
| | P3 | नोक्सानीको लागि व्यवस्था | ४,३२८,८७७.८० | ५०.००% | ५०% |
| | | संकास्पद कर्जा | ८,६५७,७५५.५९ | | |
| | P4 | खराब कर्जा उपलेखन गरे/नगरेको | नगरेको | | - |
| | P5 | उपलेखन गरिएको खराब कर्जा | - | ०.००% | न्यूनतम |
| | | कुल कर्जा | १,१७३,५४१,५३१.६४ | | |
| | P6 | उपलेखित खराब कर्जाको असुली | - | | >७५% |
| | | कुल उपलेखित खराब कर्जा | - | | |
| | P7 | समपत्तिको खुद मूल्य | १,३६२,४५७,१६४.५१ | ११६.२५% | >=१११% |
| | | कुल शेयर तथा बचत | १,१७२,०४६,८९४.३५ | | |
| E-Effective Financial Structure प्रभावकारी वित्तीय संरचना | E1 | कुल कर्जा | १,१७३,५४१,५३१.६४ | ८३.५५% | ७०-८०% |
| | | कुल सम्पत्ति | १,४०४,५७६,५७५.०१ | | |
| | E2 | तरल लगानि | १९६,१३२,४५६.९७ | १३.९६% | <=१६% |
| | | कुल सम्पत्ति | १,४०४,५७६,५७५.०१ | | |
| | E3 | वित्तीय लगानि | ३,७५९,०००.०० | ०.२७% | <=२% |
| | | कुल सम्पत्ति | १,४०४,५७६,५७५.०१ | | |
| | E4 | गैर वित्तीय लगानि | - | ०.००% | ०% |
| | | कुल सम्पत्ति | १,४०४,५७६,५७५.०१ | | |
| | E5 | बचत | १,०७४,३९२,५९४.३५ | ७६.४९% | ७०-८०% |
| | | कुल सम्पत्ति | १,४०४,५७६,५७५.०१ | | |
| | E6 | बाह्रय ऋण | ४१,६००,०००.०० | २.९६% | ०-५% |
| | | कुल सम्पत्ति | १,४०४,५७६,५७५.०१ | | |
| | E7 | शेयर पूँजी | ९७,६५४,३००.०० | ६.९५% | <=२०% |
| | | कुल सम्पत्ति | १,४०४,५७६,५७५.०१ | | |
| | E8 | संस्थागत पूँजी | १४२,२६१,३२७.९३ | १०.१३% | >=१०% |
| | | कुल सम्पत्ति | १,४०४,५७६,५७५.०१ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| A-Assets Quality सम्पत्तिको गुणस्तर | A1 | भाखा नागेको कर्जा | १०५,५९९,५११.५३ | ९.००% | <=५% |
| | | कुल कर्जा | १,१७३,५४१,५३१.६४ | | |
| | A2 | आय नहूने सम्पत्ति | ७२,०८१,५५९.४४ | ५.१३% | <=५% |
| | | कुल सम्पत्ति | १,४०४,५७६,५७५.०१ | | |
| | A3 | बिना लागतको पूँजी | १५०,१३८,६४८.४८ | २०८.२९% | >=२००% |
| | | आय नहूने सम्पत्ति | ७२,०८१,५५९.४४ | | |
| R-Rates of Returns and Cost प्रतिफल दर | R1 | कर्जाबाट खुद आय | ७२,६८१,४३३.६१ | ६.५१% | बजार दर |
| | | औसत कर्जा | १,११५,६७९,५६१.१३ | | |
| | R2 | तरल लगानिबाट आय | १,५२४,८७६.०३ | ०.६६% | बजार दर |
| | | औसत तरल लगानि | २३२,५१०,६००.१० | | |
| | R3 | वित्तीय लगानिबाट आय | ५२,२७८.४६ | १.३९% | बजार दर |
| | | औसत वित्तीय लगानि | ३,७५९,०००.०० | | |
| | R4 | गैर वित्तीय लगानिबाट आय | - | ०.००% | >=R1 |
| | | औसत गैर वित्तीय लगानि | - | | |
| | R5 | बचतमा व्याज | ८३,०८७,३६०.१२ | ७.८४% | बजार दर > मूद्रास्फीति |
| | | औसत बचत | १,०५९,६८०,६९२.६७ | | |
| | R6 | बाह्रय ऋणमा व्याज | १,६५३,५२३.३७ | ३.५९% | बजार दर |
| | | औसत बाह्रय ऋणमा | ४६,०००,०००.०० | | |
| | R7 | शेयर पूंजीमा लाभांश | ८,६६६,०४७.७३ | ९.२१% | बजार दर>R5 |
| | | औसत शेयर पूंजीमा | ९४,१०८,५००.०० | | |
| | R8 | कुल मूनाफा | २८,१८०,८४७.७९ | २.०३% | बजार दर |
| | | औसत सम्पत्ति | १,३८७,४३१,७०९.३१ | | |
| | R9 | प्रशासनिक खर्च | ४२,२४१,०८७.०७ | ३.०४% | <=५% |
| | | औसत सम्पत्ति | १,३८७,४३१,७०९.३१ | | |
| | R10 | जम्मा नोक्सानीको लागि व्यवस्था | ४२,११९,४१०.५० | ३.०४% | ^P1=१००% ^P2=३५% |
| | | औसत कर्जा | १,३८७,४३१,७०९.३१ | | |
| | R11 | अन्य आय | १०,७२६,१५६.०१ | ०.७७% | न्यूनतम |
| | | औसत सम्पत्ति | १,३८७,४३१,७०९.३१ | | |
| | R12 | खुद आय | २२,१४८,९३८.५८ | १.६०% | बजार दर |
| | | औसत सम्पत्ति | १,३८७,४३१,७०९.३१ | | |
| L-Liquidity तरलता | L1 | तरल सम्पत्ति(अल्पकालिन दायित्व | १७४,५९७,४७३.३० | १६.२५% | १५% |
| | | कुल बचत | १,०७४,३९२,५९४.३५ | | |
| | L2 | तरल सम्पत्ति | १९६,१३२,४५६.९७ | १८.२६% | १५-२०% |
| | | कुल बचत | १,०७४,३९२,५९४.३५ | | |
| | L3 | आय नहूने तरल सम्पत्ति | ९४४,६०५ | ०.०९% | <१% |
| | | कुल बचत | १,०७४,३९२,५९४.३५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| S-Signs of Growth वार्षिक वृद्धि संकेत | S1 | कुल कर्जा तथा लगानिमा वृद्धि | ११३,०७८,७५९ | ११.१०% | E1=७०–८०% |
| | S2 | तरल लगानीमा वृद्धि | (७२,७५६,२८६.२६) | २७.०६% | E2<=१६% |
| | S3 | वित्तीय लगानीमा वृद्धि | – | ०.००% | E3<=२% |
| | S4 | गैर वित्तीय लगानीमा वृद्धि | – | ०.००% | E4=०% |
| | S5 | बचतमा वृद्धि | २९,४२३,८०३ | २.८२% | E5=७०–८०% |
| | S6 | बाह्य ऋणमा वृद्धि | (८,८००,०००.००) | –१७.४६% | E6=०–५% |
| | S7 | शेयर पूँजीमा वृद्धि | ७,०९१,६००.०० | ७.८३% | E7<=२०% |
| | S8 | संस्थागत पूँजीमा वृद्धि | १०,१३५,८४४.३३ | ७.७४% | E8>=१०% |
| | S9 | कुल संस्थागत पूँजीमा वृद्धि | १०,७५४,८४७.७४ | ९.५०% | E9>=१०% |
| | S10 | शेयर सदस्य संख्यामा वृद्धि | (२९.००) | –१.०४% | >=१५% |
| | S11 | कुल सम्पत्तिमा वृद्धि | ३४,२८९,७३१.४१ | २.५०% | >मूद्रास्फींति+१०% |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

**नयाँ बानेश्वर, काठमाडौं, नेपाल**

**२०८३ आषाढ मसान्त**

## वासलात

(रकम रु.मा)

| विवरण | अनुसूची | यस आ.व. (३२ आषाढ २०८३) | गत आ.व. (३२ आषाढ २०८२) |
|---|---|---|---|
| **सम्पत्ति विवरण** | | | |
| **दिर्घकालीन सम्पत्ती** | | | |
| स्थिर सम्पत्ति | २ | ६४,२८४,२५७.१० | ६८,८९५,६१९.१४ |
| अमुर्त सम्पत्ति | ३ | १५५,६५५.९० | ८३,०२३.५८ |
| लिज प्रयोगको अधिकार सम्पत्ति | ४ | ४,१७०,५०६.८८ | ६,१६०,७५७.४३ |
| सुरक्षणपत्र तथा अन्य लगानी | ५ | ३,७५९,०००.०० | ३,७५९,०००.०० |
| स्थगन कर सम्पत्ति | ६ | ५४३,१३०.०७ | ७२३,६०५.११ |
| **कुल दिर्घकालीन सम्पत्ती** | | **७२,९१२,५४९.९५** | **७९,६२२,००५.२६** |
| **चालु सम्पत्ती** | | | |
| नगद तथा नगद समान | ७ | ९४४,६०५.०० | - |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ८ | १९५,१८७,८५१.९७ | २६८,८८८,७४३.२३ |
| सदस्यलाई कर्जा तथा सापटी | ९ | १,१३२,०६०,४२८.५३ | १,०१८,९८१,६६९.०६ |
| कर सम्पत्ति | १० | - | - |
| अन्य सम्पत्तिहरु | ११ | ३,४७१,१३९.५६ | २,७९४,४२६.०५ |
| **कुल चालु सम्पत्ति** | | **१,३३१,६६४,०२५.०६** | **१,२९०,६६४,८३८.३४** |
| **कुल सम्पत्तिहरु** | | **१,४०४,५७६,५७५.०१** | **१,३७०,२८६,८४३.६०** |
| **पूँजी तथा दायित्व विवरण** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | १२ | ९७,६५४,३००.०० | ९०,५६२,७००.०० |
| जगेडा तथा अन्य कोष | १३ | १५७,६३३,०७९.२८ | १४७,३३५,५८५.६६ |
| **कुल पूँजी** | | **२५५,२८७,३७९.२८** | **२३७,८९८,२८५.६६** |
| **दायित्व** | | | |
| **दिर्घकालीन दायित्व** | | | |
| तिर्न बाँकी कर्जा तथा सापटी | १४ | ४१,६००,०००.०० | ५०,४००,०००.०० |
| पट्टा दायित्व (बाह्र महिनाभन्दा बढि) | १५ | २,८९७,७३९.७६ | ५,८४५,८२२.८९ |
| स्थगन कर दायित्व | ६ | - | - |
| **चालु दायित्व** | | | |
| सदस्यबाट निक्षेप | १७ | १,०७४,३९२,५९४.३५ | १,०४४,९६८,७९०.९८ |
| चालु पट्टा दायित्व (बाह्र महिनाभन्दा कम) | १५ | २,२०७,७४९.२२ | १,६८६,२४१.८६ |
| कर्मचारी बोनस व्यवस्था | १६ | ३,१८४,९८९.४० | ३,१४२,६०६.३३ |

| | | | |
|---|---|---|---|
| कर दायित्व | १० | ४३४,८९८.१२ | ३१७,४४३.४७ |
| चालु तथा अन्य दायित्वहरु | १८ | २४,५७१,२२५.११ | २६,०२७,६५२.४३ |
| **कुल दायित्व** | | **१,१४९,२८९,१९५.९६** | **१,१३२,३८८,५५७.९५** |
| **कुल दायित्व तथा पूँजी** | | **१,४०४,५७६,५७५.०१** | **१,३७०,२८६,८४३.६०** |
| **शेयर धनीहरुलाई बाँडफाँड योग्य पूँजी** | | **२५५,२८७,३७९.२८** | **२३७,८९८,२८५.६६** |
| **गैर नियन्त्रण स्वार्थ** | | | |
| **कुल पूँजी** | | **२५५,२८७,३७९.२८** | **२३७,८९८,२८५.६६** |
| सम्भावित दायित्व र प्रतिबद्धता | | – | – |
| प्रति सेयर खुद सम्पत्ति मूल्य | ? | २६१.४२ | २६२.६९ |

**प्रमुख लेखा नीति तथा टिप्पणीहरु**
१ देखि २६ सम्मका अनुसूचीहरु यस विवरणका अभिन्न अंग हुन् ।

हाम्रो यसै साथ संलग्न मितिको प्रतिबेदनका आधारमा

**ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सञ्चालक समितिका तर्फबाट**

**बि.आर.बि.एस. एण्ड एसोसिएट्स**
चार्टर्ड एकाउण्टण्टस्


**नवराज कार्की**
**प्रमुख कार्यकारी अधिकृत**


**साबित्रा कार्की**
**कोषाध्यक्ष**


**संगीत प्रधान**
**सचिव**


**नविन श्रेष्ठ**
**अध्यक्ष**



पार्टनर
मितिः २०८३/०४/२८
स्थानः काठमाडौं, नेपाल

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

**नयाँ बानेश्वर, काठमाडौं, नेपाल**

**२०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्तसम्मको**

## नाफा वा नोक्सान विवरण

| विवरण | नोट | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|---|
| व्याज आम्दानी | १९ | १४९,४३५,६०६.८८ | १५२,६५६,०८१.९२ |
| व्याज खर्च | २० | ८५,७८०,०२५.७७ | ९४,४२०,८१३.०५ |
| **खुद व्याज आम्दानी** | | **६३,६५५,५८१.११** | **५८,२३५,२६८.८७** |
| शुल्क तथा कमिशन आम्दानी | २१ | ८,७४६,२५४.८८ | १०,७२९,३७५.०२ |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | | **८,७४६,२५४.८८** | **१०,७२९,३७५.०२** |
| **खुद व्याज, शुल्क तथा कमिशन आम्दानी** | | **७२,४०१,८३५.९९** | **६८,९६४,६४३.८९** |
| **कुल संचालन आम्दानी** | | **७२,४०१,८३५.९९** | **६८,९६४,६४३.८९** |
| कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) | २२ | १,९७९,९०१.१३ | २०९,५४७.९० |
| **खुद संचालन आम्दानी** | | **७०,४२१,९३४.८६** | **६८,७५५,०९५.९९** |
| **संचालन खर्च** | | | |
| कर्मचारी खर्च | २३ | २२,३०९,७२१.७५ | २१,७१०,८०७.६२ |
| प्रशासनिक खर्च | २४ | १२,९६६,७४१.२१ | १२,८३०,१२५.४७ |
| ह्रासकट्टि र परिशोधन | २५ | ६,९६४,६२४.११ | ६,९७६,८१३.३६ |
| **संचालन नाफा** | | **२८,१८०,८४७.७९** | **२७,२३७,३४९.५४** |
| गैर संचालन आम्दानी | ३० | - | - |
| गैर संचालन खर्च | ३१ | - | - |
| **आयकर अघिको नाफा** | | **२८,१८०,८४७.७९** | **२७,२३७,३४९.५४** |
| आयकर खर्च | | ६,०३१,९०९.२१ | ५,४४३,४२२.३५ |
| चालु आयकर | २६ | ५,८५१,४३४.१६ | ५,६५६,६९१.४० |
| स्थगन कर आम्दानी/खर्च | ६ | १८०,४७५.०५ | (२१३,२६९.०५) |
| **यस वर्षको नाफा** | | **२२,१४८,९३८.५८** | **२१,७९३,९२७.१९** |
| **खुद नाफा/(नोक्सान)मा हिस्सा:** | | | |
| सहकारीका शेयरधनीको | | २२,१४८,९३८.५८ | २१,७९३,९२७.१९ |
| गैर नियन्त्रित स्वार्थ | | - | |
| **यस वर्षको मुनाफा** | | **२२,१४८,९३८.५८** | **२१,७९३,९२७.१९** |
| **प्रति सेयर आम्दानी** | | | |
| प्रति सेयर आधारभूत आम्दानी | | २२.६८ | २४.०७ |
| प्रति सेयर डाइलुटेड आम्दानी | | २२.६८ | २४.०७ |

**प्रमुख लेखा नीति तथा टिप्पणीहरु**

१ देखि २६ सम्मका अनुसूचीहरु यस विवरणका अभिन्न अंग हुन् ।

**ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सञ्चालक समितिका तर्फबाट**

**नवराज कार्की**
**प्रमुख कार्यकारी अधिकृत**

**साबित्रा कार्की**
**कोषाध्यक्ष**

**संगीत प्रधान**
**सचिव**

**नविन श्रेष्ठ**
**अध्यक्ष**

हाम्रो यसै साथ संलग्न मितिको प्रतिबेदनका आधारमा

**बि.आर.बि.एस. एण्ड एसोसिएट्स**

चार्टर्ड एकाउण्टण्टस्

**सि.ए. विशाल राज [illegible]**

पार्टनर

मितिः २०८३/०४/२८, स्थानः काठमाडौं, नेपाल

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

**नयाँ बानेश्वर, काठमाडौं, नेपाल**

**२०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्तसम्मको**

## नगद प्रवाह विवरण

(रकम रु.मा)

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| **कारोवार संचालनबाट नगद प्रवाह** | | |
| व्याज आम्दानी | १४९,४३५,६०६.८८ | १५२,६५६,०८१.९२ |
| शुल्क तथा अन्य आम्दानी | ८,७४६,२५४.८८ | १०,७२९,३७५.०२ |
| लाभांश आम्दानी | - | - |
| अन्य संचालन आम्दानी | - | - |
| व्याज खर्च भुक्तानी | (८५,७८०,०२५.७७) | (९४,४२०,८१३.०५) |
| कमिशन तथा शुल्क खर्च | - | - |
| कर्मचारीलाई भुक्तानी | (२२,३०९,७२१.७५) | (२१,७१०,८०७.६२) |
| प्रशासनिक खर्च | (१२,९६६,७४१.२१) | (१२,८३०,१२५.४७) |
| सम्पत्ति बिक्रीबाट भएको नाफा वा नोक्सान | ६३,५०५ | २७,४७९ |
| **संचालन सम्पत्ती र दायित्वको गतिविधी अधिको संचालन नगद प्रवाह** | **३७,१८८,८७८** | **३४,४५१,१८९.९१** |
| **संचालन सम्पत्तिमा कमि/(वृद्धि)** | **(११५,८१२,६६२.२२)** | **(६८,८४०,९४९.६०)** |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात | | |
| ग्राहकलाई दिइएको कर्जा तथा सापटी | (११५,०५८,६६०.६०) | (६६,६९३,१४४.४१) |
| अन्य सम्पत्ति | (६७६,७१४) | २६९,२०७.४५ |
| कर सम्पत्ति | (७७,२८८) | (२,४१७,०१२.६४) |
| **संचालन दायित्वमा (कमि)/वृद्धि** | **१९,२०९,७५९** | **७८,७८३,१४३.५४** |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी रकम | - | - |
| निक्षेप दायित्व | २९,४२३,८०३.३७ | १००,६८८,२१९.०१ |
| तिर्न बाँकी कर्जा | (८,८००,०००.००) | (२१,०८७,५६७.४६) |
| अन्य दायित्व | (१,४५६,४२७.३२) | (८१७,५०८.०१) |
| कर्मचारी बोनस व्यवस्था | ४२,३८३ | |
| **आयकर अधिको संचालन गतिविधीबाट खुद नगद प्रवाह** | **(५९,४१४,०२६)** | **४४,३९३,३८३.८५** |
| आयकर भुक्तानी | (५,६५६,६९१) | (४,५७३,९८२.६३) |
| **संचालन गतिविधीबाट खुद नगद प्रवाह** | **(६५,०७०,७१७)** | **३९,८१९,४०१.२२** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | |
| सुरक्षणपत्र लगानी खरिद | | |
| धितोपत्र लगानी बिक्रिबाट प्राप्ति | | |
| स्थिर सम्पत्तिको खरिद | (४३३,७४८) | (९९,६०५) |
| स्थिर सम्पत्तिको बिक्रिबाट प्राप्ति | ४७,६०० | ५७,७५४ |
| अमुर्त सम्पत्तिको खरिद | (११३,०००) | - |

| | | |
|---|---|---|
| अमुर्त सम्पत्तिको बिक्रीबाट प्राप्ति | | |
| लगानीको सम्पत्तिको खरिद | - | ८,०००,००० |
| लगानीको सम्पत्तिको बिक्रीबाट प्राप्ति | | |
| प्राप्त व्याज आम्दानी | | |
| लाभांश प्राप्ति | | |
| **लगानी कारोवारमा प्रयोग भएको खुद नगद** | (४९९,१४८) | ७,९५८,१४९ |
| **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | | |
| ऋणपत्र निष्काशनबाट प्राप्त | | |
| संस्था गाभिएर सिर्जना भएको | - | - |
| विभिन्न कोषबाट भुक्तानी | | |
| जगेडा कोषमा भएको परिवर्तन | ५९२,३१९ | |
| असुरक्षित दायित्वको निष्काशनबाट प्राप्त | | |
| पट्टा दायित्वमा भएको भुक्तानी | (२,४२६,५७६) | (१,६८६,२४२) |
| शेयर निष्काशनबाट प्राप्त | ७,०९१,६०० | ८,४००,०००.०० |
| लाभांश भुक्तानी | (८,२७१,७९३) | (७,१५१,६०७.९४) |
| कोषबाट भएको खर्च | (३,५८१,४७३) | (३,१५५,०१८.२१) |
| स्थिरिकरण कोषको भुक्तानी | (५९०,४९९) | (५११,१४२.५६) |
| अन्य प्राप्ती/भुक्तानी | | |
| **वित्तीय श्रोत कारोवारबाट खुद नगद प्रवाह** | (७,१८६,४२१) | (४,१०४,०११) |
| **नगद तथा नगद समानमा भएको खुद (घट)/बढ** | (७२,७५६,२८६) | ४३,६७३,५३९.२६ |
| नगद तथा नगद समानको श्रावण १, २०८२ मा रहेको मौज्दात | २६८,८८८,७४३.२३ | २२५,२१५,२०३.९८ |
| नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/(खर्च) | - | - |
| **नगद तथा नगद समानको आषाढ ३२, २०८३ मा रहेको मौज्दात** | **१९६,१३२,४५६.९७** | **२६८,८८८,७४३.२३** |

**प्रमुख लेखा नीति तथा टिप्पणीहरु**
१ देखि २६ सम्मका अनुसूचीहरु यस विवरणका अभिन्न अंग हुन्।

हाम्रो यसै साथ संलग्न मितिको प्रतिबेदनका आधारमा

**ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सञ्चालक समितिका तर्फबाट**

**बि.आर.बि.एस. एण्ड एसोसिएट्स**
चार्टर्ड एकाउण्टण्टस्

| | | | |
|---|---|---|---|
| **नवराज कार्की**<br>**प्रमुख कार्यकारी अधिकृत** | **साबित्रा कार्की**<br>**कोषाध्यक्ष** | **संगीत प्रधान**<br>**सचिव** | **नविन श्रेष्ठ**<br>**अध्यक्ष** |

पार्टनर
मिति: २०८३/०४/२८
स्थान: काठमाडौं, नेपाल

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

**नयाँ बानेश्वर, काठमाडौं, नेपाल**

**२०८३ आषाढ मसान्त**

## अनुसूची १

| विवरण | २०८२।०८३ को खुद नाफा | NFRS समायोजन कोष | आय कर व्यवस्था २०% | कोषमा बाँडफाँड हुने रकम |
|---|---|---|---|---|
| आय व्यय विवरण अनुसार | २८,१८०,८४७.७९ | -७,७८३.०२ | ६,०३१,९०९.२१ | २२,१५६,७२१.६० |

| विवरण | % | २०८१।०८२ सम्म | २०८२।०८३ मा रकमान्तर रु थप घट | | यस वर्ष सम्मको र कम रु | २०८२।०८३ को नाफा बाट | २०८२।०८३ सम्मको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | परिचालन | वितरण वा रकमान्तर | | | |
| जगेडा कोष | २५% | १२२,३३६,६८२.६९ | ३,९७७,६६०.५३ | - | १२६,३१४,३४३.२२ | ५,५३९,१८०.४० | १३१,८५३,५२३.६२ |
| NFRS समायोजन कोष | | ६५७,५५०.४२ | ६५७,५५०.४२ | | - | (७,७८३.०२) | (७,७८३.०२) |
| **जम्मा** | **२५%** | **१२२,९९४,२३३.११** | **४,६३५,२१०.९५** | **-** | **१२६,३१४,३४३.२२** | **५,५३१,३९७.३८** | **१३१,८४५,७४०.६०** |
| **बाँकी ७५% लाई १००% मानी ऐन अनुसार बाँडफाँड** | | | | | | | |
| संरक्षित पूँजी फिर्ता कोष | २५% | ३,९६३,०७०.६५ | (१,६१३,५०५.३३) | २,३४९,५६५.३२ | (०.००) | ४,१५४,३८५.३० | ४,१५४,३८५.३० |
| सहकारी प्रवर्द्धन कोष | ०.५% | ५७४,३५७.६६ | | ५७४,३५७.६६ | - | ८३,०८७.७१ | ८३,०८७.७१ |
| **जम्मा** | **२५.५०%** | **४,५३७,४२८.३१** | **(१,६१३,५०५.३३)** | **२,९२३,९२२.९८** | **(०.००)** | **४,२३७,४७३.०१** | **४,२३७,४७३.००** |
| **बाँकी रहेको रकमलाई १००% मानी ऐन अनुसार बाँडफाँड** | | | | | | | |
| शेयर लाभांस कोष | ७०% | ८,२७२,१३६.६४ | (३४४.१२) | ८,२७१,७९२.५२ | (०.००) | ८,६६६,०४७.७४ | ८,६६६,०४७.७३ |
| घाटा पूर्ति कोष | ५% | ८,५७९,२९९.९६ | - | - | ८,५७९,२९९.९६ | ६१९,००३.४१ | ९,१९८,३०३.३७ |
| सहकारी शिक्षा कोष | ५% | ५९०,४९७.५३ | (५९०,४९७.५३) | - | - | ६१९,००३.४१ | ६१९,००३.४१ |
| सहकारी विकास कोष | ५% | ५९०,४९७.५३ | (५९०,४९७.५३) | - | - | ६१९,००३.४१ | ६१९,००३.४१ |
| सामुदायिक विकास कोष | ५% | ५९०,४९७.५३ | (५९०,४९७.५३) | - | - | ६१९,००३.४१ | ६१९,००३.४१ |
| स्थिरीकरण कोष | ५% | ५९०,४९७.५३ | - | ५९०,४९७.५३ | - | ६१९,००३.४१ | ६१९,००३.४१ |
| कर्मचारी कल्याण कोष | ०% | - | - | - | - | - | - |
| ऋण जोखिम व्यवस्थापन कोष | ५% | ५९०,४९७.५३ | - | - | ५९०,४९७.५३ | ६१९,००३.४१ | १,२०९,५००.९४ |
| **जम्मा** | **१००%** | **१९,८०३,९२४.२३** | **(१,७७१,८३६.७०)** | **८,८६२,२९०.०५** | **९,१६९,७९७.४८** | **१२,३८०,०६८.१९** | **२१,५४९,८६५.६८** |
| **कोषको रकम वासलातमा सारेको** | | **१४७,३३५,५८५.६५** | **१,२४९,८६८.९२** | **११,७८६,२१३.०३** | **१३५,४८४,१४०.७०** | **२२,१४८,९३८.५८** | **१५७,६३३,०७९.२८** |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.
## नयाँ बानेश्वर, काठमाडौं, नेपाल
## २०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्तसम्मका
# इक्विटीमा भएको परिवर्तनको विवरण

(रकम रु.मा)

| विवरण | सेयर पूंजी | सेयर प्रिमियम | साधारण जगेडा कोष | NFRS समायोजन कोष | संरक्षित पूंजी फिर्ता कोष | सहकारी प्रवर्द्धन कोष | शेयर लाभांस कोष | घाटा पूर्ति कोष | कर्मचारी बोनस कोष | सहकारी शिक्षा कोष | सहकारी विकास कोष | ऋण जोखिम व्यवस्थापन कोष | सामुदायिक विकास कोष | स्थिरीकरण कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **साउन १, २०८२ सम्मको मौज्दात** | ९०,५६२,७००.०० | - | १२२,३३६,६८२.६९ | ६५७,५५०.४२ | ३,९६३,०७०.६५ | ५७४,३५७.६६ | ८,२७२,१३६.६४ | ८,५७९,२९९.९६ | - | ५९०,४९७.५३ | ५९०,४९७.५३ | ५९०,४९७.५३ | ५९०,४९७.५३ | ५९०,४९७.५३ | २३७,८९८,२८५.६५ |
| समायोजन | | | | | | | | | | | | | | | - |
| **साउन १, २०८२ सम्मको समायोजित मौज्दात** | | | | | | | | | | | | | | | |
| **यस वर्षको विस्तृत आम्दानी** | | | | | | | | | | | | | | | - |
| यस वर्षको नाफा | | | २२,१४८,९३८.५८ | | | | | | - | | | | | | २२,१४८,९३८.५८ |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | | | | | | | | | | | | | - |
| परिभाषित लाभ योजनामा बिमाङ्कि लाभ/(नोक्सान) | | | - | | | | | | | | | | | | - |
| पूनर्मुल्यांकनमा लाभ/(नोक्सान) | | | - | | | | | | | | | | | | - |
| नाफा/(नोक्सान) को पुर्नमापन | | | | | | | | | | | | | | | - |
| **आर्थिक वर्षको कुल विस्तृत आम्दानी** | - | - | २२,१४८,९३८.५८ | - | - | - | - | - | - | | | | | | २२,१४८,९३८.५८ |
| आर्थिक वर्षको मुनाफाबाट अन्य कोषमा स्थानान्तरण | | | (१६,६०९,७५८.१८) | (७,७८३.०२) | ४,१५४,३८५.३० | ८३,०८७.७१ | ८,६६६,०४७.७४ | ६१९,००३.४१ | | ६१९,००३.४१ | ६१९,००३.४१ | ६१९,००३.४१ | ६१९,००३.४१ | ६१९,००३.४१ | ०.०० |
| आर्थिक बर्षमा अन्य कोषबाट जगेडा कोषमा स्थानान्तरण | | | ३,३८५,३९४.३३ | | (१,६१३,५०५.३३) | - | (३४४.१२) | - | - | (५९०,४९७.५३) | (५९०,४९७.५३) | - | (५९०,४९७.५३) | - | ५२.३० |
| भुक्तानी भई बाकीं रहेको कर्मचारी बोनस बाट जगेडा कोषमा स्थानान्तरण | | | ५९२,२६६.२० | | | | | | | | | | | | ५९२,२६६.२० |
| आर्थिक बर्षमा कोषबाट भुक्तानी | | | | (६५७,५५०.४२) | (२,३४९,५६५.३२) | (५७४,३५७.६६) | (८,२७१,७९२.५२) | - | - | - | - | | | (५९०,४९७.५३) | (१२,४४३,७६३.४५) |
| **इक्विटीमा प्रत्यक्ष लेखांकन हुने स्वामित्वकर्तासंगको कारोबार** | | | | | | | | | | | | | | | - |
| शेयर प्रिमियमबाट शेयरमा स्थानान्तरण | | | | | | | | | | | | | | | - |
| सेयर निष्काशन | ७,०९१,६००.०० | | | | | | | | | | | | | | ७,०९१,६००.०० |
| शेयर निष्काशन खर्च | | | | | | | | | | | | | | | - |
| सेयर निष्काशन खर्च-करमा प्रभाव | | | | | | | | | | | | | | | - |
| इक्विटीधारकलाई लाभांश | | | | | | | | | | | | | | | - |
| बोनस सेयर जारी | | | | | | | | | | | | | | | - |
| नगद लाभांश भुक्तानी | | | | | | | | | | | | | | | - |
| अन्य विस्तृत आयमा वर्गीकरण गरिएको शेयर बिक्रीमा लाभ | | | | | | | | | | | | | | | - |
| अन्य विस्तृत आयमा वर्गीकरण गरिएको शेयर बिक्रीमा लाभ कर | | | | | | | | | | | | | | | - |
| अन्य | | | | | | | | | | | | | | | - |
| **कुल योगदान र वितरण** | ७,०९१,६००.०० | - | (१२,६३२,०९७.६५) | (६६५,३३३.४४) | १९१,३१४.६५ | (४९१,२६९.९६) | ३९३,९११.१० | ६१९,००३.४१ | - | २८,५०५.८८ | २८,५०५.८८ | ६१९,००३.४१ | २८,५०५.८८ | २८,५०५.८८ | (४,७५९,८४४.९५) |
| **असार ३२, २०८३ सम्मको मौज्दात** | ९७,६५४,३००.०० | - | १३१,८५३,५२३.६२ | (७,७८३.०२) | ४,१५४,३८५.३० | ८३,०८७.७१ | ८,६६६,०४७.७३ | ९,१९८,३०३.३७ | - | ६१९,००३.४१ | ६१९,००३.४१ | १,२०९,५००.९४ | ६१९,००३.४१ | ६१९,००३.४१ | २५५,२८७,३७९.२८ |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.
**नयाँ बानेश्वर, काठमाडौं, नेपाल**

**२०८३ आषाढ मसान्त**

**सम्पत्ति तथा उपकरण** **अनुसूची-२**

| विवरण | जग्गा | भवन तथा स्ट्रक्चर | जग्गा विकाश संरचना | कार्यालय उपकरण, फर्निचर | अटोमोवाइल्स | अन्य सम्पत्ती | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **लागत** | | | | | | | |
| **श्रावण १, २०८१ को मौज्दात** | २४,८००,०००.०० | २८,२७८,०५८.८९ | ११,२१७,७४३.९४ | ५,१६५,६३०.६५ | ८,६६४,९७७.१६ | २८६,१२७.०७ | ७८,४१२,५३७.७० |
| **चालु बर्षमा थप** | - | - | - | ९९,६०५.०० | - | - | ९९,६०५.०० |
| यस वर्ष खरिद गरिएको | | | | ९९,६०५.०० | | | ९९,६०५.०० |
| पूँजीकरण | | | | | - | | - |
| चालु बर्षमा निसर्ग | - | | | - | ८५,२३२.७१ | | ८५,२३२.७१ |
| समायोजन र पुर्नमूल्याङकनं | | | | - | - | - | - |
| **आषाढ २०८२ अन्त्यसम्मको मौज्दात** | २४,८००,०००.०० | २८,२७८,०५८.८९ | ११,२१७,७४३.९४ | ५,२६५,२३५.६५ | ८,५७९,७४४.४५ | २८६,१२७.०७ | ७८,४२६,९०९.९९ |
| **चालु बर्षमा थप** | - | - | - | २७९,९३९.७७ | - | - | २७९,९३९.७७ |
| यस वर्ष खरिद गरिएको | - | - | - | २७९,९३९.७७ | - | - | २७९,९३९.७७ |
| पूँजीकरण | - | | | - | - | - | - |
| चालु बर्षमा निसर्ग/अपलेखन | - | - | - | १११,१०४.३३ | - | - | १११,१०४.३३ |
| समायोजन र पुर्नमूल्याङकनं | | | | - | - | - | - |
| **आषाढ २०८३ अन्त्यसम्मको मौज्दात** | २४,८००,०००.०० | २८,२७८,०५८.८९ | ११,२१७,७४३.९४ | ५,४३४,०७१.०९ | ८,५७९,७४४.४५ | २८६,१२७.०७ | ७८,५९५,७४५.४३ |
| **परिशोधन र हानी नोक्सानी** | | | | | | | |
प्रमुख लेखा नीति तथा खुलासा सहितको आ.ब.२०८२/८३ को वित्तीय विवरण सञ्चालक समितिको मिति २०८३/०४/२७ गते बसेको बैठकबाट स्वीकार तथा स्विकृत गरेको छ । सहकारीको वित्तीय विवरण तयारीको जिम्मेवारी सञ्चालक समितीले वहन गर्नेछ । सो स्वीकृत वित्तीय विवरण शेयरधनीबाट स्वीकृत गर्नको लागी आगामी बार्षिक साधारणसभा समक्ष सिफारिस गरिएको छ ।

### २.३ वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व

सहकारीको वित्तीय विवरण तयार गर्ने अन्तिम जिम्मेवारी सञ्चालक समितिमा निहित रहेको छ । यस सन्दर्भमा सञ्चालक समितिले आफ्नो जिम्मेवारी रहेको व्यहोरा यसै प्रतिवेदनमा प्रस्तुत 'सञ्चालकहरुको जिम्मेवारी सम्बन्धी विवरण' मा प्रष्ट छ ।

**आर्थिक वर्ष २०८२/८३ को वित्तीय विवरणमा देहायका विवरणहरु समावेश गरिएका छन् :**

- सहकारीको आषाढ मसान्त, २०८३ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position),
- सहकारीको आर्थिक वर्ष २०८२/८३ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income),

- सहकारीको आर्थिक वर्ष २०८२/८३ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),
- सहकारीको आर्थिक वर्ष २०८२/८३ मा जायजेथामा भएको परिवर्तनको जानकारी प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Changes in Equity), तथा
- सहकारीको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखा सम्बन्धी टिप्पणीहरु ।

## २.४ कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा

सहकारीको वित्तीय विवरणमा देखाईएका सम्पत्ति तथा दायित्वहरु नेपाली रुपैंयामा प्रस्तुत गरिएका छन् ।

## २.५ अनुमान, धारणा तथा स्वविवेकको प्रयोग (Use of Estimates, Assumptions and Judgments)

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन बनाउँदा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरुलाई आधार बनाईएको हुन्छ । सहकारी व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समयानुकुल पूनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्देशन गरे अनुसार समायोजन गर्ने गरेको छ ।

यी अनुमानहरु उपलब्ध जानकारी र सहकारी व्यवस्थापनको स्वविवेकमा आधारित हुन्छन् । वास्तविक परिमाणहरु मुल्याङ्कन गरे भन्दा फरक पर्न सक्दछन् र कहिले काही यस्ता भिन्नताहरु महत्वपूर्ण पनि हुन सक्दछन् । सहकारीले पालना गरेको लेखा नीतिहरु र सो नीतिहरुले पार्ने असर सम्बन्धित टिप्पणीमा उल्लेख गरिएको छ ।

सहकारीले विभिन्न अनुमान र धारणाहरु क्रमिक रुपमा अझै परिस्कृत गर्दै लैजाने छ । धारणा र पद्दतिहरुमा परिमार्जनको परिणाम स्वरुप परिवर्तन हुने अनुमानहरु त्यो अवधिमा प्रतिबिम्बित हुन्छ, जुन अवधिमा सोको असर पहिला लागु गरिन्छ । सहकारीले अपनाएको लेखांकन अनुमानहरु र सो अनुमानहरुले पार्ने फरक सम्बन्धित टिप्पणीमा उल्लेख गरिएको छ ।

### २.५.१ निरन्तरता (Going Concern)

व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रुपमा चलिरहन्छ भन्ने सिद्धान्तलाई अंगिकार गरि वित्तीय विवरण तयार गरिएको छ । व्यवसाय भविष्यमा अनवरत रुपमा चलिरहनको लागि व्यवस्थापनसंग पर्याप्त स्रोतहरु छन् भनी विश्वस्त छ । यसका लागि संचालक समितिले नाफा, नगद प्रवाह, पूंजीगत स्रोतहरु जस्ता अवस्थाहरुको भविष्यको प्रक्षेपण गर्नका साथै वर्तमान र भविष्यको अवस्थाहरु विश्लेष्ण गरेको छ ।

## २.६ जारी भएको तर लागु नभएको नयाँ रिपोर्टिङ मान

वित्तीय उपकरणको रिपोर्टिङको लागि NAS 32 वित्तीय उपकरण र NFRS ७ वित्तीय उपकरण- प्रकटीकरण लागू गरिएको छ । वित्तीय उपकरणहरूको वर्गीकरणको लागि NFRS 9 अनुपालना गरिएको छ ।

ASB द्वारा NFRS को घोषणा पछि फरक फरक कार्यान्वयन मितिसहित केही नयाँ मापदण्ड र पुराना मापदण्डहरुको संसोधन जारी भएको छ । ASB नेपालले NFRS मा ती मापदण्डहरु समाहित गरेका बखत लागू हुनेछन् ।

## २.७ प्रतिवेदन घोषणा

सहकारीले वित्तीय विवरण तयार गर्नका लागि नेपाल लेखामान बोड (Accounting Standards Board (ASB) बाट जारी नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard-NFRS) अङ्गीकार गरेको छ । NFRS ले अन्तर्राष्ट्रिय लेखामान बोर्ड (IASB) ले जारी गरेको अन्तराष्ट्रिय वित्तीय प्रतिवेदनमान (IFRS) लाई सबै हिसाबमा सम्बोधन गर्दछ ।

## २.८ छुट (Discounting)

गैर चालु सम्पत्ति र दायित्वमा डिस्काउन्टिङ्गको प्रभाव महत्वपूर्ण भएको अवस्थामा लागु गरिएको छ ।

## २.९ नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयनको सीमा (Limitation of NFRS implementation)

जानकारी पर्याप्त रुपमा उपलब्ध नभएको अवस्थामा र जानकारी प्राप्त गर्न लाग्ने लागत त्यसको फाइदा भन्दा बढी भएमा नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयनको यस्तो अपवाद सम्बन्धित खण्डहरुमा उल्लेख गरिएको छ ।

प्रमुख लेखा नीतिहरु वित्तीय विवरणहरु तयार पार्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ ।

# ३. प्रमुख लेखामान नीति (Significant Accounting Policies)

सहकारीले प्रस्तुत वित्तीय विवरण तयार गर्दा अवलम्बन गरेका प्रमुख लेखा नीतिहरु निम्न बमोजिम रहेका छन्

## ३.१ मापनको आधार

वित्तीय विवरणहरु निरन्तरताको आधार (Going Concern) मा तयार पारिएका छन्, जहाँ लेखाका नीतिहरु मान्यताको आधारमा अनवरत रुपमा लागू गरिएका छन । फरक भएको खण्डमा विशेष रुपमा खुलाईएको छ ।

## ३.२ एकीकरणको आधार

सहकारीको नियन्त्रण रहने गरी कुनै संस्थामा लगानी नभएकोले वित्तीय विवरणको एकीकरणको आवश्यक रहेको छैन ।

## ३.३ नगद तथा नगद समान

नगद तथा नगद समान भनी बैंक तथा वित्तीय संस्थामा रहेको नगद मौज्दात, माग तथा अल्प सुचनामा प्राप्त हुने रकम, जोखिम रहित वा नगन्य जोखिम रहेको ३ महिना भित्र नगदमा प्राप्त गर्न सकिने अत्याधिक तरल वित्तीय सम्पत्तिलाई जनाईएको छ ।

सहकारीले अल्पकालिन प्रतिवद्धता पुरा गर्न प्रयोग गर्ने र Fair Value परिवर्तन हुन गई नगन्य जोखिम भएको वित्तीय सम्पत्ति नै नगद तथा नगद समान हो । वित्तीय अवस्थाको विवरणमा नगद तथा नगद समानलाई परिशोधित मूल्यमा राखिन्छ ।

## ३.४ वित्तीय सम्पत्ति र वित्तीय दायित्व

### क) पहिचान

सहकारीले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गर्दछ जब यो उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष हुन्छ । सहकारीले सुरुमा कर्जा सापटी, निक्षेप र ऋण सुरक्षणपत्रहरु र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखांकन गर्दछ जुन त्यो मिति हो जुनबेला सहकारी उपकरणको प्रावधानहरुसँग अनुबन्धित हुन्छ । इक्विटी उपकरणमा लगानी, धितोपत्र, ऋणपत्र, सरकारी सुरक्षणपत्र, राष्ट्र बैंकको ऋणपत्र वा निक्षेप लिलामी, प्रष्ट खरिदलाई व्यापारको मितिमा अर्थात जुनबेला सहकारीले वित्तीय सम्पत्तिको खरिद वा अधिग्रहणको प्रतिबद्धता गर्छ सोही मितिमा लेखाङ्कन गरिन्छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई राफसाफ हुने मितिमा लेखाङ्कन गरिन्छ ।

### ख) वर्गीकरण

### १. वित्तीय सम्पत्ति

वित्तीय संस्थाले आफ्नो व्यवसायिक मोडेलको आधारमा वित्तीय सम्पत्तिलाई निम्न बमोजिम वर्गीकरण गरेको छ :

- **परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्ति :**

  देहायको दुवै शर्त पूरा भएमा वित्तीय सम्पत्तिलाई परिशोधित लागतमा मापन गरिएको छ:

  अनुबन्धित नगद प्रवाहको संकलन गर्ने उद्देश्यले व्यावसायिक मोडेलमा लिइएको र

  वित्तीय सम्पत्तिको सम्झौता सर्तहरूले निर्दिष्ट मितिमा नगद प्रवाह हुन्छ र त्यो मूल रकमको साँवा वा व्याज

रकमको मात्र भुक्तानी हो ।

- **फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्ति**

  परिशोधित लागतमा मापन नगरिएको वित्तीय सम्पत्ति फेयर भ्याल्युमा मापन गरिएका छ। फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिलाई देहायको वर्गमा पुन: वर्गीकरण गरिएको छ :

- **नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति**

  व्यापारको लागि लिइएका वित्तीय सम्पत्तिलाई नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिन्छ । प्रारम्भको अभिलेखमा खरिदसँग प्रत्यक्ष सम्बन्धीत खर्चलाई नाफा-नोक्सानमा मापन गरिएको छ। त्यस पश्चात्त सो सम्पत्तिलाई फेयरभ्याल्युमा मापन गरिएको छ र फेयर भ्याल्युको फरकलाई नाफा-नोक्सानमा मापन गरिन्छ।

- **अन्य विस्तृत आम्दानीको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति**

  इक्वीटी उपकरणमा गरेको लगानी जुन व्यापारको लागि राखिएको हुँदैन र अन्य विस्तृत आम्दानीद्वारा फेयर भ्याल्युमा मापन गर्ने भनेर व्यवस्थापनले अपपरिवर्तनीय निर्णय गरेको हुन्छ त्यसलाई अन्य विस्तृत आम्दानीद्वारा फेयर भ्याल्युमा मापन गरिएको छ । त्यसपश्चात सो सम्पत्तिलाई फेयर भ्याल्युमा मापन गरिएको छ र फेयर भ्याल्युको फरकलाई अन्य विस्तृत आम्दानीमा मापन गरिन्छ ।

**२. वित्तीय दायित्व**

वित्तीय जमानत, र कर्जा प्रतिबद्धता बाहेकका वित्तीय दायित्वलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ:

- **नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय दायित्व**

  व्यापारको लागि लिइएका वित्तीय दायित्वलाई नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिन्छ । प्रारम्भको अभिलेखमा खरिदसँग प्रत्यक्ष सम्बन्धीत खर्चलाई नाफा-नोक्सानमा मापन गरिएको छ। नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय दायित्व बाहेक कर्जा जोखिमको प्रभावबाट फेयर भ्याल्युमा हुने फरकलाई अन्य विस्तृत आम्दानीमा मापन गरिन्छ ।

- **परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्व :**

  नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापित वित्तीय दायित्व बाहेकका वित्तीय दायित्वलाई प्रभावकारी ब्याजदरको (EIR) को आधार प्रयोग गरी परिशोधित मूल्यमा मापन गरिएकौ छैन ।

**ग. मापन**

**१. प्रारम्भिक मापन**

नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा दायित्वलाई सुरुको फेयर भ्याल्युमा प्रत्यक्ष संलग्न कारोबार रकम जोडी मापन गरिन्छ । नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति र दायित्वसंग सम्बन्ध भएको कारोबार लागतलाई नाफा/नोक्सान विवरणमा मापन गरिएको छ ।

**२. पछिको मापन**

प्रारम्भिक मापन पश्चात् वित्तीय सम्पत्ति र दायित्वलाई सो को वर्गको हिसाबले फेयर भ्याल्यु वा परिशोधित मुल्यमा मापन गरिएको छ । प्रारम्भमा परिशोधित लागतमा मापन गरिएका वित्तीय सम्पत्ति वा दायित्वलाई त्यस पश्चात् प्रभावकारी ब्याज दरको विधि प्रयोग गरि मापन गरिएको छैन । फेयर भ्याल्युमा मापित वित्तीय सम्पत्तिलाई प्रारम्भको मापन पश्चात् फेयर भ्याल्युमा मापन गरिएको छ । नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिको फेयर भ्याल्युमा आएको फरकलाई नाफा-नोक्सानमा लेखाङ्कन गरिन्छ भने अन्य विस्तृत आम्दानीको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिको फेयर भ्याल्युमा आएको फरकलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिन्छ ।

### पहिचानबाट हटाइने (De-recognition)

#### वित्तीय सम्पत्तिलाई पहिचानबाट हटाइने

जब कुनै वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त हुन्छ वा जब सहकारीले कारोबारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण गर्छ जसमा वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण हुन्छ अथवा वित्तीय संस्थाले न त प्रतिफल हस्तान्तरण गर्छ न त जोखिम हस्तान्तरण गर्छ र वित्तीय सम्पत्तिको नियन्त्रण राख्दैन त्यसबेला वित्तीय संस्थाले वित्तीय सम्पत्ति पहिचनबाट हटाउँछ ।

#### वित्तीय दायित्वलाई पहिचानबाट हटाइने

दायित्वको जिम्मेवारी पूर्ण रुपमा राफसाफ भएमा, रद्ध भएमा वा म्याद समाप्त भएमा वित्तीय दायित्वहरुलाई पहिचानबाट हटाइन्छ। जहाँ विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु बिभिन्न शर्तहरू, वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको हुन्छ र नया दायित्वले साटासाट गरिन्छ, त्यस्तो साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्वको अपलेखाङ्कन र नयाँ दायित्वको लेखाङ्कन गरिन्छ । मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफलबीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखांकन गरिन्छ ।

### ३.४.१ फेयर भ्याल्युको निर्धारण

फेयर भ्याल्युमा देखाईएको वा प्रस्तुत गरिएका सम्पत्ती र दायित्वहरू महत्वपूर्ण विवरणहरुको आधारमा तीन तहमा वर्गीकृत गरिएको छ। मूल्यांकनका महत्वपूर्ण विवरणहरुमा रेपोर्टिङ अवधिमा भएको परिवर्तनको आधारमा सम्पत्ती र दायित्वहरूलाई फेयर भ्याल्यु पदानुक्रम (Fair Value Hierarchy) मा स्थानान्तरण गर्न सकिन्छ । वित्तीय संस्थाले रिर्पोटिङ्ग अवधिको अन्त्यमा मुख्य बजार वा विवरणहरुमा उल्लेखनीय परिवर्तन भएमा, फेयर भ्याल्युको पदानुक्रमको स्तरहरू बीचको स्थानान्तरणलाई मान्यता दिएको छ। फेयर भ्याल्यु निम्न पदानुक्रम अनुसार निर्धारण गरिएको छ :

१. फेयर भ्याल्यु मापन ती हुन् जुन समान प्रकृतिका सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचिकृत (Unadjusted quoted) मूल्यहरूबाट निकालेको हुन्छ ।

२. मापन भन्नाले सक्रिय बजारमा समान प्रकृतिका (Similar) उपकरणका लागि सूचिकृत मूल्यहरू वा निष्क्रिय बजारमा समान प्रकृतिका (Identical or Similar) उपकरणको लागि सूचिकृत मूल्यहरू र जहाँ वित्तीय उपकरणहरू मुल्याकंन गर्दा सबै महत्वपूर्ण इन्पुटहरु अवलोकन योग्य हुन्छ ।

३. जहाँ कम्तिमा एउटा इनपुट, जसले उपकरणको मूल्यांकनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, त्यो अवलोकन योग्य बजार आंकडामा आधारित हुँदैन ।

उपलब्ध भएसम्म वित्तीय संस्थाले एक उपकरणको फेयर भ्याल्यु त्यो उपकरणको सक्रिय बजारमा सुचिकृत मूल्यको प्रयोग गरी मापन गर्दछ । बजारलाई सक्रिय तब मानिन्छ जब सुचिकृत मूल्यहरू सजिलै र नियमित रूपमा उपलब्ध हुन्छन् र Arm’s Length Price मा अधारित भएर वास्तविक र नियमित रूपमा बजारमा हुने लेनदेनलाई प्रतिनिधित्व गर्दछ । यदि कुनै वित्तीय साधनको लागि बजार सक्रिय छैन भने, वित्तीय संस्थाले मूल्यांकन प्रविधि प्रयोग गरी फेयर भ्याल्यु स्थापना गर्दछ। मुल्याकंन प्रविधिले जानकार, इच्छुक पार्टीहरू (उपलब्ध छ) भने बीचको भर्खरको Arm’s Length Price मा भएको लेनदेन, अन्य समान उपकरणहरूको वर्तमान फेयर भ्याल्यु र डिस्काउन्ट गरिएको नगद प्रवाहको विश्लेषणहरू समावेश गरेको हुन्छ ।

### ३.४.२ कर्जा सापटको नोक्सानी (Impairment of Loans and Advances)

प्रत्येक प्रतिवेदन मितिमा सहकारीले सम्पत्तिमा नोक्सान भएको वा नभएको कुनै संकेत छ कि छैन भनी समीक्षा गर्दछ । भविष्यमा नोक्सान अर्थात घाटाको निर्धारण गर्दा विशेषगरी व्यवस्थापनले नगद प्रवाहको रकम र समयको आंकलन गर्नु आवश्यक हुन्छ। यस्ता अनुमानहरु धेरै कारकहरु प्रतिको धारणामा आधारित छन र भएको प्रावधानहरुमा भविष्यमा परिवर्तन भएमा वास्तविक परिणाम फरक हुन पनि सक्दछन ।

नोक्सानीको व्यक्तिगत मुल्यांकन आर्थिक सम्पत्तिमा लागू हुन्छ जुन नोक्सानीको लागि व्यक्तिगत रुपमा मूल्यांकन

गरिन्छ र भविष्यको नगद प्रवाहलाई वर्तमान मुल्यको उच्चतम अनुमानमा आधारित हुन्छ। नगद प्रवाहको अनुमान गर्दा व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र धितोको बिक्रीबाट प्राप्त हुनसक्ने खुद मुल्यको आधारमा निर्णय गर्दछ। प्रत्येक बिग्रेको सम्पत्ति यसको कार्य गर्न सक्ने क्षमताको आधारमा मूल्यांकन गरिन्छ। कार्यगत रणनीति र नगद प्रवाहको अनुमानलाई प्राप्ति योग्य मानिन्छ। एक्सपोजरको नोक्सानको व्याक्तिगत मुल्यांकनको अर्थ भनेको कमजोरीको उद्देश्य प्रमाण छ कि छैन, भविष्यको नगद प्रवाहको वर्तमान मुल्यको अनुमान र यस मूल्यांकनमा समावेश ऋण लिने प्रत्येक व्यक्तिबाट प्राप्त हुने नोक्सानको मुल्य गणनाको अर्थ हो।

सहकारीले नोक्सानीको व्यक्तिगत मुल्यांकन बमोजिम Non Performing वर्गमा रहेका सम्पूर्ण कर्जाहरु समावेश गरेको छ। यसै सन्दर्भमा हरेक कर्जाको भुक्तानी ऋणीको अनुमानित नगद प्रवाहबाट प्राप्त हुने (Going Concern) र धितोको बिक्रीबाट कर्जाको भुक्तानी हुने (Gone Concern) मा विभाजन गरिन्छ। सहकारीले यी दुवै अवस्थामा परम्परागत मान्यता अनुरुप ऋणीको अनुमानित नगद प्रवाह, वर्तमानको आर्थिक अवस्था, सहकारीको आफ्नै अनुमान आदिलाई आधार मानी कर्जा नोक्सानी व्यवस्थाको मुल्यांकन गर्दछ।

व्यक्तिगत रुपमा कर्जा नोक्सानी व्यवस्था (Individual Impairment) नगरिएका कर्जाहरुलाई सामुहिक कर्जा नोक्सानी मुल्यांकन गरिएको छ।

सामुहिक नोक्सानीको आंकलन गर्दा सहकारीले ऋण नतिर्ने सम्भाबना (Probability of Default), पुनः स्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्ति, Loss Given Default आदिको तथ्यांकीय विष्लेषण, प्रोडक्ट, जोखिम कारकहरु, धितोको पर्याप्तताका आधारमा गरी नोक्सानी व्यवस्थाको निर्धारण गरिन्छ। डिफल्ट दर, नोक्सान दर र भविष्यमा पुनः प्राप्तिको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूसँग तुलना गरिन्छ र उपयुक्त भए नभएको सुनिश्चित गरिन्छ ।

ICAN ले जारी गरेको वैकल्पिक व्यवस्थाको सुचना अनुसार सहकारीले कर्जा तथा सापटीमा हुने हानी नोक्सानीको मापन गरेको छ र कर्जा नोक्सानी व्यवस्थाका लागि सहकारी विभागले तोकेको मापदण्ड र NFRS 9 को Para 5.5 बमोजिम निर्धारण गरिएको रकम मध्ये जुन बढी छ त्यसैलाई लेखाङ्कन गरिएको छ। NFRS र बचत ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ बमोजिमको व्यवस्था निम्नअनुसार प्रस्तुत गरिएको छ।

**NFRS बमोजिम व्यवस्था**

| विवरण | आ.व. २०८२/८३ |
|---|---|
| सामूहिक हानी नोक्सानी (Portfolio Impairment) | ३३,१०५,७७०.४६ |
| **NFRS बमोजिम व्यवस्था** | **३३,१०५,७७०.४६** |

**सहकारी विभागले तोकेको मापदण्ड बमोजिम**

| ऋण वर्गीकरण | आ.व. २०८२/८३ |
|---|---|
| असल ऋण | १०,६७९,४२०.२० |
| कमसल ऋण | २३,२७६,८८१.१५ |
| शङ्कास्पद ऋण | ४,३२८,८७७.८० |
| खराब ऋण | ३,८३४,२३१.३६ |
| **विभागले तोकेको मापदण्ड बमोजिम** | **४२,११९,४१०.५०** |

NFRS बमोजिम अधिक कर्जा जोखिम व्यवस्था ४२,११९,४१०.५०

### ३.४.३ बिक्रीको लागि उपलब्ध वित्तीय लगानीको नोक्सानी (Impairment of Financial Investments – Available-for-Sale)

जब बिक्रीको लागि उपलब्ध इक्विटी लगानी व्यापकरुपमा त्यस्तो लगानीको फेयर भ्यालुमा गिरावट आउदछ

वा उक्त लगानीको फेयर भ्यालुलागत मूल्य भन्दा तल झर्दछ तब सहकारीले बिक्रीको लागि उपलब्ध इक्विटी लगानीको नोक्सानी व्यवस्था गर्दछ ।

### ३.४.४ व्यापारिक सम्पत्ति (Trading Assets)

सहकारीले निकट भविष्यमा नै बिक्री गरी नाफा आर्जन गर्ने उद्देश्यले खरिद गरेका सम्पत्तिहरुलाई यस शीर्षकमा देखाईएको छ । अन्य व्यापारिक सम्पत्तिहरुमा गैर व्युत्पन्न वित्तीय सम्पत्तिहरु (Non-derivative financial assets), सरकारी ऋणपत्र, नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, स्वदेशी इजाजतपत्रप्राप्त संस्थाहरुले जारी गरेका ऋणपत्रहरु, ट्रेजरी विल्स, इक्विटी आदि व्यापारिक प्रयोजनको लागि राखिएको छ ।

## ३.५ स्थिर सम्पत्ति तथा कार्यालय उपकरण

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरु एक वर्ष वा सो भन्दा बढी धारण गरी ग्राहकलाई सेवा प्रदान गर्नको लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । सहकारीले NAS 16 – “Property, Plant & Equipment” को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

सहकारीलाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यभावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ। स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई लागत मोडल (Cost Model) मा लेखाङ्कन तथा प्रस्तुत गर्ने सहकारीको लेखा नीति रहेको छ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

सहकारीले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । सहकारीले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई अनुमानित प्रयोग अवधिको अनुपातमा समदर विधि ह्रासकट्टी प्रणाली (Straight Line Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ। सहकारीका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको कायम भएको ह्रासकट्टी दर निम्न बमोजिम छ ।

| सम्पतिको प्रकृति | अनुमानित उपयोग अवधि (वर्ष) |
|---|---|
| कार्यालय उपकरण, फर्निचर | १० |
| अन्य सम्पत्ती | १५ |
| जग्गा विकाश संरचना | ५ |
| अटोमोवाइल्स | १० |
| भवन तथा स्ट्रक्चर | २५ |
| सफ्टवेयर | ५ |

## ३.६ अमुर्त सम्पत्ति कम्प्यूटर सफ्टवेयर (Intangible Assets)

खरिद गरिएको कम्प्युटर सफ्टवेयर खरिद लागतको आधारमा पुँजीकरण गरिन्छ। सफ्टवेयरको विकासमा समय समयमा गरिने खर्चहरुले भविष्यमा आर्थिक रुपमा संस्थालाई फाइदा पुग्दछ भन्ने मान्यताको आधारमा त्यस्ता खर्चहरुलाई समेत पुँजीकरण गरिन्छ। कम्प्युटर सफ्टवेयरसंग सम्बन्धित खर्चहरु ५ वर्षको अवधिमा समदर प्रणालीको आधारमा परिशोधित गरिएको छ ।

## ३.७ लगानी उद्देश्यका स्थिर सम्पत्ति (Investment Properties)

लगानी उद्देश्य भएका स्थिर सम्पत्ति भनेका जमीन वा बिल्डिंग वा दुवैलाई NAS 16 – Property, Plant & Equipment बमोजिम पहिचान गरि र NFRS 5 – Non-current Assets held for Sale and Discountinued Operations अन्तर्गत बिक्रीको लागि राखिएका सम्पत्ति बाहैकका लगानी वा अन्य आम्दानी आर्जन गर्ने उद्देश्यको लागि राखिएका स्थिर सम्पत्तिलाई जनाउँछ । हाल सहकारीसँग यस्तो कुनै पनि सम्पति रहेको छैन ।

## ३.८ आयकर (Income Tax)

सहकारीले आयकर लेखाङ्कन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

### क) चालु आयकर (Current Tax)

हालका कर सम्पत्तिहरु र दायित्वहरु तथा अघिल्ला वर्षहरुका बुझाउन बांकी रहेका कर दायित्वहरु यस वर्षमा बुझाउनुपर्ने देखिएमा त्यस्ता रकमहरु यस शीर्षकमा राखिन्छ । सम्बन्धित आर्थिक वर्षमा करको रुपमा भुक्तानी गर्नुपर्ने गरी पहिचान भएका कर दायित्वहरु, शुल्क र हर्जाना यस शीर्षकमा समावेश हुन्छन ।

### ख) स्थगन कर (Deferred Tax)

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरि प्रत्येक वर्ष यस्तो सम्पत्ति (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय (वा स्थगन कर खर्च) को लेखाङ्कन गरिन्छ ।

## ३.९ व्यवस्थाहरु तथा सम्भावित दायित्वहरु (Provisions and Contigent liabilities)

सहकारीले सम्भावित दायित्वहरुको पहिचान तथा व्यवस्थाहरु लेखाङ्कन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ ।

विगतका घटनाहरुको परिणामस्वरुप सहकारीको वर्तमानमा सिर्जित कुनै दायित्वहरु छन जुन विश्वसनीय तरिकाले नाप्न सकिन्छ र दायित्व चुक्ता गर्नको लागि श्रोतको बर्हिगमन हुन्छ भने त्यसलाई व्यस्थाको रुपमा लेखांकन गरिएको छ ।

## ३.१० आम्दानी लेखाङ्कन

आम्दानी भनेको संस्थाको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो, यदि त्यस्ता लाभहरुले इक्विटी सहभागीहरुको योगदानको कारणले बाहेक इक्विटीको वृद्धि हुन्छ । आम्दानीलाई यस हदसम्म पहिचान र लेखांकन गरिन्छ कि आर्थिक लाभहरू वित्तीय संस्थामा प्रवाहित हुनेछन् र आम्दानी भरपर्दो मापन गर्न सकिन्छ । जुन आयको प्राप्ती सम्भव छैन तिनलाई आम्दानी अवधिमा लेखांकन गरिएको छैन । वित्तीय संस्थाको आम्दानीमा व्याज आय, शुल्क र कमिसन, रेमिट्यान्स आय, आदि समावेश छ र आय लेखाङ्कनको आधारहरू निम्नानुसार छन् ।

### क) व्याज आम्दानी

व्याज आम्दानीमा कर्जा लगानी, नाफा नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, नेपाल राष्ट्र बैंकमा रहेको नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको कर्जामा प्राप्त व्याज रकमहरु समावेश हुन्छन । सदस्यलाई दिइएको कर्जा तथा सापटीबाट प्राप्त गरेको व्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ ।

कर्जा लगानीमा प्राप्त व्याज आम्दानी NFRS ले सुझाव गरेबमोजिम परिमार्जित साँवा रकममा पहिचान गरिन्छ जुन प्रभावकारी व्याज विधिको नजिक हने गर्दछ । नोक्सानी व्यवस्था गरिएका कर्जाहरुमा पाउने व्याजलाई प्रभावकारी व्याज गणना विधिमा समावेश गरिदैंन । सरकारी ऋणपत्र, ट्रेजरी बिल, बैंक मौज्दातमा पाउने व्याज आम्दानीलाई प्रभावकारी व्याज गणना विधिको मान्यता दिईएकौ छैन ।

### ख) शुल्क तथा कमिशन आम्दानी

सामान्यतया कुनै विशेष कार्य सम्पन्न भएपश्चात वा सेवा प्रवाह गरेवापत शुल्क तथा कमिशन आम्दानी प्राप्त हुने गर्दछ र यसलाई आर्जित आयको रुपमा मान्यता दिईन्छ ।

### ग) लाभांश आम्दानी

सहकारीलाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ ।

### घ) खुद व्यापारिक आम्दानी

सहकारीले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश, तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शिर्षक अन्तर्गतप्रस्तुत गरिन्छ ।

### ङ) अन्य सञ्चालन आम्दानी

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शिर्षक अन्तर्गत देखाइएको छ । Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

## ३.११ ब्याज खर्च

ग्राहकहरुको निक्षेप खाता र सहकारीले प्राप्त गरेको अन्य सापटीमा पाकेको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ ।

## ३.१२ कर्मचारी खर्च

कर्मचारी खर्चमा कर्मचारीले सहकारीलाई प्रदान गरेको सेवा बापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरु रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि सहकारीले NAS 19 – “Employee Benefits” को प्रावधान बमोजिम गरेको छ ।

### क) उपदान तथा सञ्चय कोषः

सहकारीले सेवा निवृत लाभहरुको रुपमा कर्मचारीहरुलाई उपदान र सञ्चय कोष सुविधा प्रदान गरेको छ ।

परिभाषित योगदान योजना (Defined Contribution plan) सेवापछिको लाभ योजना हो, जस अन्तर्गत सहकारी सहकारीले योगदानलाई छुट्टै शिर्षकमा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखांकन गरिन्छ । परिभाषित लाभ योजना (Defined Benefits Plan) परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो ।

बोनस ऐन, २०३० बमोजिम कर्मचारी बोनसको व्यवस्था गरिएको छ । कर्मचारी बोनसको लागि कर अघिको खुद नाफाको १० प्रतिशत रकमको व्यवस्था गरिएको छ ।

### ख) कर्मचारीलाई सहुलियत ऋण

यह संस्थाले कर्मचारीहरूलाई सहुलियतपूर्ण ब्याजदरमा ऋण प्रदान गरेको छ । NFRS 9- Financial Instruments बमोजिम, यी ऋणहरू सुरुवाती चरणमा उचित मूल्य (Fair Value) मा मापन गरिन्छ । ऋण वितरण रकम र उचित मूल्यबीचको अन्तरलाई पूर्वभुक्तान गरिएको कर्मचारी लाभ (Prepaid Staff Benefit) को रूपमा मानिन्छ र ऋण अवधिभर क्रमिक रूपमा खर्चको रूपमा लेखिन्छ । ब्याज आम्दानी भने प्रभावकारी ब्याजदर विधि (Effective Interest Rate Method) अनुसार चिनिन्छ ।

## ३.१३ पट्टा (Lease)

### Institution as a lessee

सहकारीले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्क NFRS-16 – Lease को प्रावधान बमोजिम गरी वित्तीय पट्टा (Finance Lease) र सञ्चालन पट्टा (Operating Lease) अन्तर्गत देखाइन्छ ।

यस सन्दर्भमा सहकारीले वित्तीय पट्टा (Finance Lease) व्यवस्थालाई अवलम्बन गरेको छ ।

## ३.१४ विदेशी विनिमय कारोबार

विदेशी विनिमय मुद्रामा भएको कारोबारलाई सो कारोबार भएको दिनको विनिमय दरका आधारमा नेपाली रुपैंयामा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ । वासलातमा प्रस्तुत हुने विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वलाई आर्थिक वर्षको अन्त्यको विनिमय दरमा नेपाली रुपैंयामा परिवर्तन गरी सो मा हुन आउने नाफा वा नोक्सान नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

## ३.१५ शेयर पूँजी तथा कोषहरु

### ३.१५.१ शेयर पूँजी

सहकारीका सबै साधारण शेयरहरु चुक्ता भई सकेको छ । सहकारीका साधारण शेयरधनीहरुले वार्षिक साधारण सभाबाट पारित लाभांश पाउने अधिकार हुन्छ ।

### ३.१५.२ साधारण जगेडा कोष

खुद मुनाफाको २५% रकम साधारण जगेडा कोषमा सार्ने नीति रहेको छ । सो व्यवस्था बमोजिम सहकारीले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ । संस्थाले मिति २०८३.०३.२८ को संचालक समितिको बैठक बाट निर्णय गरि तल निम्न उल्लेखित कोषहरुको रकम साधारण जगेडा कोषमा रकमान्तर गरेको छ । साथै सहकारीले यस आ.ब.मा संरक्षित पूंजी फिर्ता कोष र शेयर लाभांस कोषहरूबाट निम्न उल्लेखित रकमहरु वितरण गरेको छ । साथै मिति २०८३।०३।१० गते संस्थाले स्थिरीकरण कोषमा रहेको रकम नेपाल सरकार भुमि व्यवस्था सहकारी तथा गरिबि निवारण मन्त्रालय लाई रकमान्तर गरेको छ । विभिन्न कोष्हरुको विवरण तल प्रस्तुत गरिएको छ ।

| रकमान्तर गरेको विवरण | रकम |
|---|---|
| संरक्षित पूँजी फिर्ता कोष | १,६१३,५०५.३३ |
| शेयर लाभांस कोष | ३४४.१२ |
| कर्मचारी बोनस | ५९२३१८.५ |
| सहकारी शिक्षा कोष | ५९०,४९७.५३ |
| सहकारी विकास कोष | ५९०,४९७.५३ |
| सामुदायिक विकास कोष | ५९०,४९७.५३ |
| **जम्मा** | **३,९७७,६०८.२४** |

| कोषहरूको रकम वितरण | रकम |
|---|---|
| संरक्षित पूँजी फिर्ता कोष | २,३४९,५६५.३२ |
| शेयर लाभांस कोष | ८,२७१,७९२.५२ |
| स्थिरीकरण कोष | ५९०,४९७.५३ |
| **जम्मा** | **११,२११,८५५.३७** |

### ३.१५.३ सम्पत्ति पूर्नमूल्यांकन कोष (Assets Revaluation Reserve)

NFRS बमोजिम सम्पत्ति पूर्नमूल्यांकन कोष (Assets Revaluation Reserve) मा सम्पत्तिको पूर्नमूल्यांकनको कारणबाट सिर्जना भएको रकमे लेखांकन गरिने  गरिन्छ ।

### ३.१५.४ बजार मूल्य कोष (Fair Value Reserve)

NFRS बमोजिम Fair Value Reserve मा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भएको त्यस्तो सम्पत्ति पूनरमूल्याङ्कन हुँदा हुने सबै उतारचढाव वा नोक्सानलाई यसै कोषमा समायोजन गरिने गरिन्छ ।

### ३.१५.५ अन्य कोष

#### क) संरक्षित पुँजी फिर्ता कोष

संरक्षित पुँजी फिर्ता कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत प्रतिशत रकमान्तर गरिएको छ ।

#### ख) सहकारी प्रवर्द्धन कोष

सहकारी प्रवर्द्धन कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा ०.५ प्रतिशत रकमान्तर गरिएको छ ।

#### ग) संस्था विकास कोष

संस्था विकास कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

#### घ) शेयर लाभांश कोष

शेयर लाभांश कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ७० प्रतिशत रकमान्तर गरिएको छ ।

#### ङ) घाटा पूर्ति कोष

घाटा पूर्ति कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

#### च) सहकारी शिक्षा तथा तालिम कोष

सहकारी शिक्षा कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

#### छ) सामूदायिक विकाश कोष

सामूदायिक विकाश कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

#### ज) स्थिरिकरण कोष

स्थिरिकरण कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम

गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

### झ) अन्य जोखिम व्यवस्थापन कोष

अन्य जोखिम व्यवस्थापन कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

## ३.१६ प्रतिशेयर आम्दानी

सहकारीले NAS 33 – "Earnings Per Share" को प्रावधान बमोजिम आधारभूत प्रति शेयर आम्दानी (Earnings Per Share)को गणना गर्ने गरेको छ ।

# ४. प्रष्टिकरण तथा थप जानकारीहरु

## ४.१ जोखिम व्यवस्थापन

### क) जोखिम शासन

सहकारीले उत्पन्न हुने उद्यमस्तरमा जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू तयार गरी कार्यान्वयन गरिसकेको छ र कर्मचारीबीच स्वामित्व मानसिकता, क्षमता अभिबृद्धि, प्रष्ट रुपमा परिभाषित जिम्मेवारी र नैतिक संस्कृतिमार्फत वित्तीय संस्थाले जोखिम संस्कृतिको बारेमा प्रशिक्षित गरेको छ ।

यसको जोखिम व्यवस्थापन प्रारुपको माध्यमबाट, सहकारीले कर्जा, बजार र तरलता जोखिमहरू कुशलतापूर्वक व्यवस्थित गर्न खोजेको छ जुन सीधा सहकारीको क्रियाकलापहरूको साथसाथै सञ्चालन, नियामक र प्रतिष्ठा सम्बन्धी जोखिमहरू जुन कुनै पनि व्यवसाय उपक्रमको सामान्य परिणामको रूपमा देखा पर्दछ ।

### ख) आन्तरिक नियन्त्रण

रणनीति र उद्देश्यहरूको उपलब्धिमा सहायता गर्ने गरी सहकारीमा उचित आन्तरिक नियन्त्रण प्रारुप सुनिश्चित गर्न सञ्चालक समिति जिम्मेवार हुन्छ । सहकारीको बिभिन्न कार्यहरूको विस्तार र बृद्धिको क्रममा उचित नियन्त्रण संयन्त्र स्थापना गर्ने दृष्टिकोणले हेर्नें पर्दछ जसले लाभदायक व्यवसायका अवसरहरू अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठित क्षति निम्त्याउन सक्ने जोखिमलाई हटाउन वा घटाउन सहयोग गर्दछ ।

आन्तरिक लेखा परीक्षणले नीति र मापदण्डको अनुपालन र नियमित लेखा परीक्षण, विशेष लेखा परीक्षण, सूचनाप्रणाली लेखा परीक्षण, साइट समीक्षा, AML र CFT र KYC लेखा परीक्षणका साथै जोखिममा आधारित आन्तरिक लेखा परीक्षण मार्फत वित्तीय संस्थामा आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको अनुगमन गर्दछ। लेखा परीक्षण अवलोकन तत्काल सुधारात्मक उपायहरू आरम्भ गर्नका लागि प्रमुख कार्यकारी अधिकृत र व्यापार प्रमुखहरूलाई रिपोर्ट गरिन्छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखा परीक्षण समितिसमक्ष समीक्षाको लागि पठाइन्छ र समितिले सम्बन्धित विभाग वा शाखालाई सम्बन्धित मुद्दामा उपयुक्त सुधारात्मक कार्य गर्न निर्देशन जारी गर्छ ।

### ४.१.१ कर्जा जोखिम

कर्जा जोखिम भनेको सहमति सर्तहरू बमोजिम सहकारीलाई भुक्तानी गर्ने आफ्नो करारको दायित्व पूरा गर्न ऋणीको असक्षमताको कारण नोक्सानीको सम्भावना हो ।

सहकारी भित्रको उपयुक्त निरीक्षण र रिपोर्टिङको प्रारुप स्थापना गरी कर्जा जोखिम निरीक्षण र रिपोर्टिङ प्रारुपलाई कर्जा जोखिम न्यूनीकरणको लागि तयार पारिएको छ ।

कर्जा जोखिमको प्रभावकारी व्यवस्थापनका लागि सहकारीले विभिन्न प्रणाली र नीतिहरू र प्रक्रियाहरू र दिशानिर्देशहरू कार्यान्वयन गरेको छ। प्रत्येक प्रकारको ऋणको लागि, कर्जा नीति र प्रक्रियाहरूले ऋण प्रदान गर्नका लागि मापदण्ड परिभाषित गरिएको छ, चुक्ताको सीमित उद्देश्य, विभिन्न ग्राहक जोखिम प्रोफाइलमा आधारित प्रासंगिक जानकारीको संग्रह, पर्याप्त उपकरणको प्रयोग, पर्याप्तता, कार्यान्वयनता र जमानतको तरलता स्थिति, साथै उनीहरूको परिचालनको व्यावहारिक पक्षहरूको आधारमा मापदण्ड परिभाषित गरिएको छ ।

### ४.१.२ बजार जोखिम

सहकारीको वासलातमा रहेको र वासलात बाहिर रहेको वस्तुको मूल्यमा बजार मूल्यमा हुने अस्थिरताले हुने जोखिमलाई बजार जोखिम भनी परिभाषित गरिएको छ । बजार जोखिम त्यस्तो जोखिम हो जसका कारण वित्तीय उपकरणको भविष्यमा नगद प्रवाह वा Fairvalue घटबढ हुन्छ । बजार जोखिमले तीन प्रकारका जोखिमलाई जनाउँछ : विदेशी मुद्रा सटही (मुद्रा जोखिम), बजार व्याजदर (व्याजदर जोखिम) र बजार मूल्य (मूल्य जोखिम) ।

#### अ) मुद्रा जोखिम

विदेशी मुद्रा सटही जोखिमका कारण सहकारीको आफ्नो सम्पत्ति र दायित्वको मूल्यमा अस्थिरता हुने सम्भावना हुन्छ र उसको सम्पत्ति र दायित्वको मुद्रा तथा उल्लेख हुने मुद्राको मूल्यमा आउने भिन्नताका कारण वित्तीय क्षति हुने सम्भावना हुन्छ ।

#### आ) व्याजदर जोखिम

व्याजदर जोखिम त्यो जोखिम हो जसका कारण वित्तीय उपकरणको ँबष्च खबगिभ वा भविष्यमा हुने नगद प्रवाह बजार व्याजदरका कारण तलमाथि हुने गर्दछ ।

#### इ) मूल्य जोखिम

मूल्य जोखिम त्यस्तो जोखिम हो जसका कारण वित्तीय उपकरणको Fair value वा भविष्यमा हुने नगद प्रवाह इक्विटीको मूल्यमा हुने परिवर्तनले व्याजदर जोखिम र मुद्रा जोखिम बाहेकका कारण तलमाथि हुन्छ । यस्तो परिवर्तन सम्बन्धित वित्तीय उपकरण वा यसको जारी गर्ने निकाय हुन सक्छ वा उक्त वित्तीय उपकरणले व्यापार गर्ने बजारलाई असर गर्ने तत्वको कारण हुन सक्छ । निकायको इक्विटी मूल्य जोखिम FVTOCI मा राखिएको कारण पनि हुनसक्छ जसको मूल्य बजार मूल्यमा भएको परिवर्तन अनुसार तलमाथि हुन्छ ।

### ४.१.३ तरलता जोखिम

व्याजदर वा सुरक्षणपत्र (ईक्विटी) को मूल्य, विदेशी विनिमय दर र वस्तुको मूल्यको उतार चढाव साथै अस्थिरताको बजारस्तरमा प्रतिकुल परिवर्तनको कारण सहकारीले बजार जोखिमलाई लेखाङ्कन गरेको छ । तरलता जोखिमले सहकारीको दायित्व पूरा गर्न असफल हुने सम्भावना हुन सक्छ, तरलता जोखिम व्यवस्थापनले सहकारीको वित्तीय अवस्थालाई प्रतिकुल प्रभाव नपारी दायित्व पूरा गर्ने सहकारीको क्षमता सुनिश्चित गर्न मद्दत गर्छ र सहकारीको प्रतिकुलताको अवस्था विकास गर्ने सम्भावना कम गर्छ । तरलता जोखिमलाई नगद वा अन्य वित्तीय सम्पत्ति प्रदान गरेर व्यवस्थित गरिएको वित्तीय दायित्वसँग सम्बन्धित दायित्वहरु पूरा गर्न सहकारीले कठिनाई भोग्न सक्ने जोखिमलाई तरलता जोखिम भनी परिभाषित गरिएको छ ।

### ४.१.४ सञ्चालन जोखिम

संचालन जोखिम भनेको अपर्याप्त वा असफल प्रक्रियाहरू, प्रणाली वा नीतिहरू, कर्मचारीका त्रुटिहरू, प्रणालीका असफलताहरू, अन्य अपराधिक गतिविधिले व्यवसाय प्रक्रियामा बाधा उत्पन्न गराई परिणामस्वरूप घाटा हुने सम्भावना हो ।

संचालन जोखिमलाई जोखिम पहिचान, मूल्यांकन, नियन्त्रण र अनुगमनको माध्यमबाट व्यवस्थापन गरिन्छ । संस्थाको संचालन जोखिम नियन्त्रणको लागि वित्तीय प्रशासन नीति, कर्मचारी विनिमयावली, सञ्चालन निर्देशिका, AML/CFT नीति, शंकास्पद कारोबार पहिचान प्रक्रिया, र राजनीतिक रूपले उजागर गरिएको व्यक्तिको पहिचान नीति रहेका छन्, जसले दैनिक कामका लागि निर्देशन दिन्छ ।

## ४.२ पूँजी व्यवस्थापन

रणनीतिक उद्देश्यहरूको सम्बन्धमा सहकारीको वर्तमान र भविष्यको पूंजी आवश्यकताहरू सुनिश्चित गर्न सञ्चालक समिति मुख्य रूपले उत्तरदायी हुनेछ । व्यवस्थापनले सहकारीले व्यावसायिक गतिविधिहरूको क्रममा सामना गरिरहेको

विभिन्न जोखिमहरूको प्रकृति र स्तरको समीक्षा गरि सोहि अनुरुप प्रत्येक जोखिम कारकलाई नियन्त्रण गर्ने उपायहरू निर्दिष्ट हुने गरि जोखिम व्यवस्थापन अवधारणा तयार पार्दछ ।

**नवराज कार्की**
**प्रमुख कार्यकारी अधिकृत**

**साबित्रा कार्की**
**कोषाध्यक्ष**

**नविन श्रेष्ठ**
**अध्यक्ष**

**बि.आर.बि.एस. एण्ड एसोसिएट्स**
चार्टर्ड एकाउण्टण्टस्

**[illegible]**
पार्टनर
मितिः २०८३/०४/२८
स्थानः काठमाडौं, नेपाल

# टिप्पोट (Notes)

# व्यवस्थापन



**नवराज कार्की**
प्रमुख कार्यकारी अधिकृत



**रन्जु कुमारी कार्की**
सहायक कार्यकारी
अधिकृत



**इन्दिरा चित्रकार**
सेवा केन्द्र प्रमुख
नयाँ बानेश्वर



**स्वइच्छा शाक्य**
सेवा केन्द्र प्रमुख
कुमारीपाटी



**अमृत चौलागाई**
सेवा केन्द्र प्रमुख
गोठाटार



**नारायण थापा**
सेवा केन्द्र प्रमुख
लुभू



**रमिता श्रेष्ठ**
सहायक ऋण अधिकृत
नयाँ बानेश्वर



**राजकुमार कटुवाल**
लेखा प्रमुख
नयाँ बानेश्वर



**गिता तामाङ**
बरिष्ठ बजार सहायक
कुमारीपाटी



**अस्मिता सुवेदी**
फ्रण्ट डेस्क
नयाँ बानेश्वर



**मेलिना श्रेष्ठ**
सहायक (फ्रण्ट डेस्क)
कुमारीपाटी



**सञ्जिव के.सी.**
बजार सहायक
कुमारीपाटी



**तारा राई**
बजार सहायक
नयाँ बानेश्वर



**मन्दिरा पौडेल खत्री**
सहायक (क्यासियर)
नयाँ बानेश्वर



**ममता महर्जन**
ऋण सहायक
लुभू



**रन्जु घिमिरे**
सहायक (फ्रण्ट डेस्क)
गोठाटार



**निता कार्की**
सहायक (क्यासियर)
गोठाटार



**आशिष खत्री**
बजार सहायक
नयाँ बानेश्वर



**राहुलराज श्रेष्ठ**
बजार सहायक
गोठाटार



**रुक्मिणा खनाल**
बजार सहायक
गोठाटार



**सिमा कुमारी मगर**
बजार सहायक
लुभू



**रचना घिमिरे**
सहायक (क्यासियर)
कुमारीपाटी



**प्रतिमा पराजुली**
सहायक (क्यासियर)
नयाँ बानेश्वर



**अस्मिता श्रेष्ठ**
सहायक (फ्रण्ट डेस्क)
लुभू



**रविना कुमारी बस्नेत**
सहायक (फ्रण्ट डेस्क)
नयाँ बानेश्वर



**छत्रमाया खत्री**
कार्यालय सहयोगी
कुमारीपाटी



**मिन कुमारी हायु**
कार्यालय सहयोगी
नयाँ बानेश्वर

# ज्योतिपुञ्ज

## बचत तथा ऋण सहकारी संस्था लिमिटेड

JYOTIPUNJA SAVING & CREDIT CO-OPERATIVE LTD.


**मुख्य कार्यालय**
नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७९०९८५
४७९६३२७

**कुमारीपाटी सेवा केन्द्र**
कुमारीपाटी, ललितपुर
फोन नं.: ०१-५४०८७७३
५४०८७७४

**गोठाटार सेवा केन्द्र**
गोठाटार, काठमाडौं
फोन नं.: ०१-४९९१८७२

**लुभू सेवा केन्द्र**
लुभू, ललितपुर
फोन नं.: ०१-५५८०९३०

Email: info@jyotipunja.coop.np
Web: www.jyotipunja.coop.np